मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

वार्षिक कार्यक्रम संञ्चालन/कार्यविधि, २०८३

(मधेश प्रदेश सरकार, वन तथा वातावरणको
आर्थिक वर्ष २०८३।०८४ को स्वीकृत कार्यक्रम तथा विनियोजित बजेटको लागि)

मधेश प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय (मा.मन्त्रीस्तर) को मिति २०८३/२/२१ गतेको
निर्णयानुसार स्वीकृत

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

२०८३

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner
Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

वार्षिक कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

प्रस्तावनाः मधेश प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय र अन्तरगतका निकायहरुको आर्थिक वर्ष २०८३/०८४ मा विनियोजित बजेट तथा कार्यक्रमहरुलाई सरल र सहज तरिकाले समयमै प्रभावकारी रुपमा कार्यान्वयन गर्न मधेश प्रदेश विनियोजन ऐन, २०८३ को दफा ११ को उपदफा (१) वमोजिमको अधिकार प्रयोग गरी मधेश प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयले यो वार्षिक कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ बनाएको छ ।

परिच्छेद-१: प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "वार्षिक कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि यस मन्त्रालय तथा मातहतका निकायहरुबाट आ.व. २०८३/०८४ मा सम्पन्न हुने क्रियाकलापहरु सञ्चालन गर्न मधेश प्रदेशभरी लागू हुनेछ ।

(३) यो कार्यविधि मधेश प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा: (क) "कार्यविधि" भन्नाले मधेश प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत वार्षिक कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले यस मन्त्रालय मातहत स्थापना भएका प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले मधेश प्रदेश सरकारको वन तथा वातावरण क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ ।

(घ) "महाशाखा" भन्नाले मन्त्रालय अन्तर्गतका महाशाखा सम्झनु पर्छ।

माथिल्लो निकाय

(ङ) "प्रचलित कानुन" भन्नाले मधेश प्रदेश सरकारको प्रचलित कानुनहरुलाई सम्झनुपर्छ र सो शब्दले संघीय कानून समेतलाई जनाउछ ।

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी
सचिव
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

(च) "वातावरणमैत्री क्रियाकलापहरु" भन्नाले यस कार्यविधि अनुरुप सञ्चालन हुने निर्माण सम्बन्धी क्रियाकलापहरु कार्यान्वयन गर्दा सकभर सिमेन्ट, फलाम जस्ता वस्तुहरुको प्रयोग नगरी वा कम प्रयोग गरी वा स्थानीय स्तरमा प्राप्त हुने प्राकृतिक तथा जैविक सामग्रीहरु जस्तै: काठ, ढुंगा, माटो, खर आदिको प्रयोग गरी गरिने क्रियाकलापलाई सम्झनुपर्छ । सो शब्दले उद्यान, पार्कमा निर्माणजन्य क्रियाकलाप कम गरी हरियालीजन्य क्रियाकलापहरुलाई प्राथमिकता दिने कार्यलाई समेत जनाउँदछ ।

(छ) "उपभोक्ता समिति" भन्नाले संघ सरकार र प्रदेश सरकारको प्रचलित उपभोक्ता समिति सम्वन्धि कार्यविधि वमोजिमको प्रक्रिया अनुसार गठन हुने समितिलाई जनाउँदछ । सो शब्दले प्रचलित कानुन वमोजिम गठन भएका सामुदायिक वन/साझेदारी वन/धार्मिक वन/कवुलियिति वन उपभोक्ता समिति र यस्तै अन्य उपभोक्ता समितिलाई समेत जनाउँछ ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश सरकार
जनकपुरधाम,

परिच्छेद-२: कार्यविधि, साझा प्रक्रिया, अनुगमन मुल्याङ्कन

३. कार्यक्रम सञ्चालनका लागि साझा प्रक्रिया तथा मार्गदर्शनः (१) स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको परिमाण र विनियोजित बजेटको परिधि भित्र रही कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(२) स्वीकृत वार्षिक कार्यक्रम सम्बन्धमा मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट हुने निर्णयहरुको प्रतिकूल हुने गरी कुनैपनि क्रियाकलाप सञ्चालन गर्न पाइने छैन ।

(३) स्वीकृत वार्षिक कार्यक्रम प्राप्त भए पश्चात् कार्यक्रम कार्यान्वयन योजना बनाई सरोकारवालाहरुको सहभागितामा सार्वजनिक गर्ने ।

(४) स्वीकृत वार्षिक कार्यक्रमको विषयगत विशिष्टीकरण र आवश्कयता अनुसार कार्यविभाजन गरी कर्मचारीहरुलाई जिम्मेवारी तोक्ने ।

(५) क्रियाकलापहरुको प्रकृतिको आधारमा क्षेत्र निर्धारण गरी लक्षित समूह/क्षेत्र/स्थानीय तहमा बैठक, छलफल र आवश्यकता अनुसार अन्तरक्रिया र गोष्ठी सञ्चालन गरी कार्यक्रम सञ्चालन हुने स्थान पहिचान गर्ने।

(६) विषयगत प्राविधिकबाट कार्यक्रमको विस्तृत सर्वेक्षण, डिजाईन तथा लागत अनुमान तयार गर्ने । कार्यालयमा विषयगत प्राविधिक नभएको अवस्थामा स्थानीय तह, प्रदेश तथा संघीय सरकारी कार्यालयका प्राविधिक वा निजी क्षेत्रबाट समेत सेवा खरिद गरी कार्य सञ्चालन गर्न सकिनेछ ।

(७) विशेष सिपयुक्त जनशक्ति आवश्यक पर्ने भएमा कार्यक्रम अवधिका लागि व्यक्ति वा सेवा करारमा लिएर सञ्चालन गर्न सकिनेछ ।

(८) कार्यालयहरुबाट सञ्चालन हुने तालिम तथा अनुसन्धानका विषयहरुमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग समन्वय गरी सञ्चालन गर्न सकिनेछ ।

(९) यस कार्यविधि बमोजिम कार्यालयहरुबाट सञ्चालन गरिने तालिम, गोष्ठी, सेमिनार जस्ता नियमित कार्यहरु कार्यालयका मौजुदा जनशक्ति मार्फत सञ्चालन गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्ने ।

(१०) लागत अनुमान तयार गर्दा प्रचलित नर्म्स, जिल्ला दररेट वा सम्बन्धित स्थानीय तहको दररेटलाई समेत आधार लिइनेछ ।

(११) यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमको प्रकृति अनुसार कन्टिन्जेन्सी रकम प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८३ अनुसार खर्च गर्न सकिनेछ ।

(१२) कामको प्रकृति र स्वीकृत बजेटको परिमाण हेरि आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन-२०७६, मधेश प्रदेश विनियोजन ऐन, २०८३, मधेश प्रदेश आर्थिक ऐन, २०८३, सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका,२०८३, अर्थ मन्त्रालयले जारी गरेको आ.व.२०८३।८४ को लागि

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

बजेट कार्यान्वयन मार्गदर्शन, मधेश प्रदेश सरकारको निर्णय, स्वीकृत नर्मस, जिम्मा प्रचलित कानुन बमोजिम कार्य सञ्चालन गरिउनु पर्नेछ ।

(१३) रु.१० लाखभन्दा बढी लागतका निर्माण सम्बन्धी कार्यक्रमहरुको विवरण खुल्ने गरी सम्बन्धित आयोजना स्थलमा सम्बन्धित कार्यक्रमबाट नैं खर्च व्यहोर्ने गरी अनिवार्यरुपमा होर्डिङ बोर्ड राख्नु पर्ने ।

(१४) लैंगिक तथा सामाजिक समावेशीकरणलाई केन्द्रबिन्दुमा राखि विभिन्न उपायहरु सञ्चालन गर्न सकिनेछ ।

(१५) कार्यक्रम सञ्चालन गर्दा सकेसम्म स्थानीय समुदायको आयआर्जन हुने तथा हरियाली प्रवर्द्धन हुने कार्यलाई एकीकृत गरि सञ्चालन गर्नु पर्नेछ ।

(१६) यस कार्यविधिमा उल्लेख नभएका तर स्विकृत वार्षिक कार्यक्रम अनुसार कार्य सम्पादन गर्न आवश्यक भएका कार्यक्रमहरु समेत प्रचलित ऐन, नियम, नर्म्स, निर्देशिका तथा कार्यविधिको परिधि भित्र रही कार्यान्वयन गर्नु पर्नेछ ।

(१७) कार्यक्रम सम्पन्न भए पछि हरेक कार्यको पार्श्वचित्र (Activity Profile) बनाउनु पर्नेछ ।

(१८) लागत अनुमानमा देहायका विषयहरु समावेश गर्ने:

- कार्यक्रम/क्रियाकलापको शिर्षक
- कार्यक्रम सञ्चालन हुने स्थान (GPS location सहित)
- कार्यक्रमको डिजाइन. नक्सा. इकाई. परिमाण. प्रति इकाई लागत र कुल लागत अनुमान र जनसहभागिताको अंश
- लाभ प्राप्त गर्ने घरधुरी संख्या
- स्रोत साझेदारीको अवस्था

(१९) कार्यक्रम सञ्चालनको लागि प्रस्ताव तयार गर्दा निम्न विषयहरु स्पष्ट खुलाउने

- कार्यक्रमको नाम
- कार्यक्रमको पृष्ठभूमि
- कार्यक्रमको लक्ष्य र उद्देश्य
- कार्यक्रम सञ्चालन हुने स्थान वा क्षेत्र
- लक्षित समूह सम्बन्धि विवरण, लाभान्वित घरधुरी, जनसंख्या
- कार्यक्रम सञ्चालन विधि र प्रक्रिया
- कार्यक्रम शुरु हुने मिति, सम्पन्न गर्न लाग्ने अवधि र लागत अनुमान
- कार्यक्रमको कुल लागत (कार्यालय र उपभोक्ताको तर्फवाट व्यहोरिने रकम छुटाछुटै उल्लेख गर्ने)
- अपेक्षित उपलब्धिहरु
- कार्यक्रमको मर्मत सम्भारको व्यवस्था

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी
सचिव
वन तथा [illegible]
मधेश प्रदेश सरकार

४. कार्यक्रम सञ्चालन विधिः यसमा उल्लेख भएका कार्यक्रमहरु प्रचलित कानुनको अधीनमा रही निम्नानुसार सञ्चालन गरिनेछ ।

(१) अमानतबाट कार्यालयले सम्पादन गर्ने नियमित कार्यहरु

(२) उपभोक्ता समूह वा समितिबाट

(३) टेण्डर/ठेक्कापट्टाबाट

(४) परामर्श सेवा खरिदबाट

(५) साझेदारी वा सम्झौताबाट

(६) सरकारी तथा गैरसरकारी संस्थाबाट

५. कार्यक्रम अनुगमन तथा मूल्याङ्कनः कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन तपसिल बमोजिम गरिनेछ ।

(१) वन तथा वातावरण मन्त्रालय/प्रदेश वन निर्देशनालयले अनुगमन योजना बनाई नियमित रुपमा अनुगमन गरी पृष्ठपोषण दिने ।

(२) कार्यक्रम सञ्चालन गर्ने निकायहरुले योजना बनाई नियमित रुपमा अनुगमन गरी समयमैं पृष्ठपोषण र गुणस्तर नियन्त्रण गर्ने ।

(३) मधेश प्रदेश विकास आयोजना अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०८१ लाई समेत आधार बनाउनु पर्नेछ ।

(४) कार्यक्रम कार्यान्वयनको प्रगति मासिक/त्रैमासिक रुपमा सम्बन्धित निकायमा पेश गर्नु पर्ने ।

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी

वन तथा [illegible] मन्त्रालय
मधेश प्रदेश, [illegible]

परिच्छेद-३: वन तथा वातावरण मन्त्रालयको कृयाकलाप सञ्चालन

६. मधेश प्रदेश वन क्षेत्रको रणनीतिक योजना तयारी:(१) यस शिर्षक अन्तर्गत प्राकृतिक श्रोतको रुपमा रहेको वनको संरक्षण, सम्वर्द्धन तथा सदुपयोग गर्नको लागि यस प्रदेशको आवश्यक वस्तुगत विवरण सङ्कलन गरी वन क्षेत्रको रणनीतिक योजना तयार गरिनेछ। यसरी तयार हुने रणनीतिक योजनाले प्रदेश भित्र रहेका वन तथा वातावरण क्षेत्रहरुको यथार्थलाई तथ्य र तथ्याङ्क मार्फत उजागर गरी वनको संरक्षण, सम्वर्द्धन, विकास तथा सदुपयोगमा उपयुक्त दिशानिर्देश गरी कार्य सम्पादनमा सहजता प्रदान गर्नको लागि यो कार्यक्रम राखिएको हो।

(२) वन, वातावरण, जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण र विकाससँग सम्वन्धित विकास योजना तथा वार्षिक बजेट तर्जुमाको आधार तयार गरी प्रदेश भित्र अगामी दिनमा वन क्षेत्रको समग्र विकास तथा व्यवस्थापनको लागि मार्गचित्र तयार गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ ।

(३) यो कार्यक्रम सेवा प्रदायक संघ संस्था मार्फत गर्न सकिनेछ। सेवा प्रदायक संघ संस्था मार्फत सेवा खरिद गर्ने कार्य प्रचलित कानुन बमोजिम हुनेछ ।

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने वजेट आ.व. २०८३/०८४ को विनियोजित बजेट अनुसार हुनेछ।

(५) यस कार्यक्रमको सञ्चालनबाट आगामी दिनहरुमा प्रदेशले अवलम्वन गर्ने नीति तथा कार्यक्रम र वजेटलाई परिणाममूखी बनाउन निर्माण हुने यस मधेश प्रदेश वन क्षेत्रको रणनीतिक योजना र यसको कार्यान्वयनबाट समग्र वन विकासको लागि चाल्नु पर्ने कदमहरुलाई समेत समेटी विभिन्न आयामहरुको माध्यमबाट वन तथा वातावरणसँग सम्वन्धित योजनाहरु निर्माण गर्न सहज भई प्रदेशको समृद्धिमा टेवा पुग्न जानेछ।

७. मधेश वन क्षेत्रको प्रोफाइल तयारी तथा प्रकाशन:(१) यस कार्यक्रमको उद्देश्य मधेश प्रदेशको वन क्षेत्रको वर्तमान अवस्था, वन स्रोत, जैविक विविधता, वनजन्य उत्पादन, वन व्यवस्थापन प्रणाली, वन क्षेत्रसँग सम्वन्धित सामाजिक, आर्थिक तथा वातावरणीय अवस्थाको समग्र विवरण समेटिएको प्रदेशस्तरीय वन प्रोफाइल तयार गरी प्रकाशन गर्नु हो।

(२) यस कार्यक्रमा सञ्चालनको लागि विषयविज्ञ, परामर्शदाता, अनुसन्धानकर्ता तथा सम्बन्धित निकायसँग समन्वय गरी तथ्याङ्क संकलन, विश्लेषण, सम्पादन, डिजाइन तथा प्रकाशन गर्न सकिनेछ। यस कार्यको लागि आ.व. २०८३/०८४ मा भएको विनियोजित बजेट अनुसार खर्च गर्न सकिनेछ ।

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा [illegible] मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

श्री मधेश प्रदेश सरकार
श्री तथा [illegible] मन्त्रालय
जनकपुरधाम, नेपाल

(३) यस कार्यक्रमबाट मधेश प्रदेशको वन क्षेत्रको अद्यावधिक, तथ्यमा आधारित तथा व्यवस्थित प्रोफाइल तयार भई प्रकाशन हुनेछ। उक्त प्रोफाइलले वन व्यवस्थापन, नीति निर्माण, योजना तर्जुमा, अनुसन्धान, लगानी प्राथमिकता निर्धारण तथा वन क्षेत्रसँग सम्बन्धित निर्णय प्रक्रियामा आधिकारिक सन्दर्भ सामग्रीका रूपमा उपयोग हुने अपेक्षा गरिएको छ।

८. **वन तथा वातावरण सम्बन्धी तथ्याकं संकलन तथा डाटाबेस व्यवस्थापन कार्यक्रमः** (१) यस कार्यक्रमको उद्देश्य मधेश प्रदेशको वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित तथ्याङ्कहरूको व्यवस्थित संकलन, अभिलेखीकरण, अद्यावधिक, विश्लेषण तथा डिजिटल डाटाबेस व्यवस्थापन गरी नीति निर्माण, योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन, अनुसन्धान तथा निर्णय प्रक्रियालाई तथ्यमा आधारित, प्रभावकारी र पारदर्शी बनाउनु हो।

(२) यस कार्यक्रम अन्तर्गत वन, जैविक विविधता, वन्यजन्तु, वातावरण, भू–संरक्षण, जलाधार, वन पैदावार, वृक्षारोपण, वन अतिक्रमण, वन डढेलो, मानव–वन्यजन्तु द्वन्द्व, कार्बन, जलवायु परिवर्तन तथा अन्य सम्बन्धित विषयका तथ्याङ्क सम्बन्धित निकायबाट संकलन, प्रमाणीकरण तथा अद्यावधिक गरिनेछ।

(३) यस कार्यक्रमबाट वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित अद्यावधिक, भरपर्दो तथा एकीकृत डिजिटल डाटाबेस तयार हुनेछ। उक्त डाटाबेस नीति निर्माण, योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन, अनुसन्धान, प्रतिवेदन तयारी र तथ्यमा आधारित निर्णय प्रक्रियाका लागि आधिकारिक सूचना प्रणालीको रूपमा उपयोग हुनेछ ।

९. **सवारी साधन खरिद (मोटरसाईकल/स्कुटर)/चार पाङ्ग्रे सवारी साधन खरिद :** (१) यस कार्यक्रममा विनियोजित बजेट मन्त्रालय तथा मातहतका निकायहरुलाई अति आवश्यक रहेको मोटरसाईकल/स्कुटर/चार पाङ्ग्रे सवारी साधन खरिदमा प्रयोग हुनेछ। वन तथा वातावरण मन्त्रालय तथा मातहतका कार्यालबाट हुने कामहरुको अनुगमन गर्नुका साथै वनको संरक्षण तथा व्यवस्थापन कार्यलाई सहज, सरल बनाउनको लागि उक्त सवारी साधनहरु खरिद गरिनेछ । सवारी साधन खरिद कार्य प्रचलित ऐन, नियम तथा सार्वजनिक खरिद ऐन, नियमावलीको परिधिभित्र रही सम्बन्धित निकायको पूर्व सहमती लिई, सवारी साधन खरिदको लागि Specification तयार गर्न लगाई सम्बन्धित निकायकाे पुर्व समकमती लिई सोको आधारमा लागत अनुमान स्वीकृत गराई प्रचलित कानुन बमोजिम खरीद गरी व्यवस्थापन गरिनेछ ।

(२) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८३/०८४ को विनियोजित बजेट अनुसार हुनेछ।

(४) वनको दिगो व्यवस्थापनमा यान्त्रिकीकरण भई वन संरक्षण तथा व्यवस्थापन कार्यको अनुगमनमा प्रभावकारिता अभिवृद्धि हुने।

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

१०. रेडियो नेपालको सहकार्यमा वन तथा वातावरण बारे प्रचार प्रसार कार्यः (१) रेडियो नेपालसँगको सहकार्यमा प्रदेश भित्रका वन, वातावरण, जैविक विविधता तथा जलाधार लगायतका विषयमा सर्वसाधारण माझ जनचेतना अभिवृद्धि गर्नुका साथै तथ्यपरक जानकारीहरुको सँगालो निर्माण गरी प्रसारण गर्नु हो।

(२) प्रदेश भित्रका वन तथा वातावरण क्षेत्रको सूचनाहरु समेटी छायाँकन तथा प्रसारण गरिनेछ।

(३) यस कार्यको लागि Gto G (सरकार वाट सरकार) को अवधारणामा आधारित भई रेडियो नेपालसँग सम्झौता गरी कार्य संचालन गरिनेछ।

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८३/०८४ को विनियोजित वजेट अनुसार हुनेछ।

(५) यो कार्यक्रम संचालनवाट वन, वातावरण, जैविक विविधता, जलाधार, जलवायु परिवर्तन लगायतका विषयमा संरक्षण एवम् संदेशमूलक सामग्री निर्माण तथा प्रसारण भई प्राकृतिक स्रोत व्यवस्थापनमा सर्वसाधारणमा जनचेतना अभिवृद्धि हुनेछ ।

११. दिवस समारोह (वातावरण, भू-संरक्षण, जैविक विविधता, सामुदायिक वन, पृथ्वी दिवस लगायतका दिवस)ः (१) यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने दिवस समारोह जस्तैः वातावरण, भू-संरक्षण, जैविक विविधता, सामुदायिक वन, पृथ्वी दिवस, राष्ट्रिय वृक्षारोपण दिवस, विश्व सिमसार दिवस, चुरे दिवस, वन्यजन्तु सप्ताह, वन डढेलो सप्ताह जस्ता वन तथा वातावरणसँग सम्वन्धित निर्धारित वा आवश्यक ठहरिने दिवस/समारोह सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो ।

(२) यसको लागि वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरुले आफ्नो आवश्यकतानुसार कार्यक्रम तय गरी स्वीकृत नर्म्सको आधारमा लागत अनुमान स्वीकृत गराई आवश्यक रकम एकल रुपमा वा अन्य संघ संस्थाको साझेदारीमा समेत खर्च गर्न सकिनेछ ।

(३) वन तथा वातावरण मन्त्रालय र मातहतका कार्यालयका कर्मचारी तथा अन्य सम्वन्धित सरकारी तथा गैह सरकारी संघ संस्थाहरुको सहयोग तथा सहभागितामा यो कार्यक्रम सञ्चालन गरिनेछ।

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने वजेट आ.व.२०८३/०८४ को विनियोजित वजेट अनुसार हुनेछ।

(५) वन, वातावरण, जैविक विविधता, वन्यजन्तु संरक्षण तथा व्यवस्थापन सम्वन्धमा जनचेतना अभिवृद्धि हुनेछ।

१२. चुरे क्षेत्रको स्थलगत समस्या सम्बोधन कार्यक्रमः (१) यस कार्यक्रम अन्तरगत तराई मधेशको लाईफ लाईनको रुपमा रहेको चुरे क्षेत्रको स्थलगत भ्रमण गरी आकस्मिक रुपमा वाढी, पहिरोले कटान गरी गाउँ वस्ती जोखिममा रहेको र सो समस्या तत्काल सम्बोधन गर्न आवश्यक रहेको अवस्थामा उक्त स्थानको संरक्षण व्यवस्थापन गर्न यो कार्यक्रम प्रस्ताव भएको हो ।

जीवनाथ पौडेल
सचिव

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

(२) यसको लागी वन तथा वातावरण मन्त्रालयबाट सरोकारवाला निकायसँग समन्वय गरी, स्थलगत समस्या पहिचान गरी, प्राथमिकता तोकि लागत अनुमान तयार गरी/गर्न लगाई स्वीकृत बजेटको परिधि भित्र रही कार्यक्रम संचालन गरिनेछ ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८३/०८४ को विनियोजित बजेट अनुसार हुनेछ ।

(४) यस कार्यक्रममा विनियोजित बजेट कार्यान्वयन गर्न मन्त्रालयका सम्बन्धित कर्मचारीको संयोजकत्वमा समिति गठन गरी उक्त कार्यमा खटिने कर्मचारी तथा सरोकारवालाहरूको दैनिक भ्रमण, खाजा, खाना, यातायात खर्चलगायतका अन्य खर्चसमेत गर्न सकिनेछ।

(५) यसबाट सम्बन्धित चुरे क्षेत्रको स्थलगत समस्याको पहिचान भई चुरे संरक्षण तथा व्यवस्थापन कार्यमा टेवा पुग्नेछ ।

१३. मन्त्रालय प्रयोजनको लागि Meeting हल निर्माण: (१) मन्त्रालय तथा मातहतका कार्यालयहरु वा अन्य सम्बन्धित निकायसंग समन्वय/गोष्ठी/बैठक/तालिम/अन्तरकृया लगायतका कार्यहरुको लागि Meeting हल निर्माण गर्न बजेट विनियोजन गरिएको हो । यस कार्यमा low cost प्रविधिहरुको प्रयोग गर्न सकिनेछ ।

(२) यस कार्यक्रम मन्त्रालयको निर्मित संरचनालाई नै Extent गरेर वा छुटै निर्माण गर्न सकिनेछ ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८३/०८४ को विनियोजित बजेट अनुसार हुनेछ ।

(४) निर्माण कार्य प्रचलित कानून बमोजिम हुनेछ ।

१४. ऐन, नियमावली, कार्यविधि, निर्देशिका तयारी/संशोधन (१) वन तथा वातावरण मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित नीति, ऐन, कानुन, निर्देशिका, कार्यविधि, कार्य योजना र बार्षिक विकास कार्यक्रम संचालन कार्यविधि, बजेट तर्जुमा समेत तयार गर्न प्रचलित कानुनको अधिनमा रही यस शिर्षकमा बिनियोजित रकम नियमानुसार खर्च गरिनेछ ।

(२) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८३/०८४ को विनियोजित बजेट अनुसार हुनेछ ।

(३) यस कार्यक्रममा विनियोजित बजेट मन्त्रालयबाट हुने ऐन, नियमावली, कार्यविधि, निर्देशिका तयारी तथा संशोधन कार्यका लागि गठित कार्यदल/समितिको भत्ता, खाना, खाजा, यातायात लगायतका कार्यहरुमा खर्च गर्न सकिनेछ ।

१५. मुख्यमन्त्री वातावरणीय स्वच्छता अभिबृद्धि कार्यक्रम (मधेश भवन): (१) यस कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट जनकपुरधाम स्थित प्रदेश सरकारको मुख्यालय रहेको स्थान मधेश भवन परिसर भित्र

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी
सान्वी
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश जनकपुरधाम

वातावरणीय स्वच्छता कायम गर्न फोहरमैलाको व्यवस्थापन तथा सौन्दर्यीकरणका कार्य गर्न मन्त्रालयले अन्य निकाय समेतबाट पृष्ठपोषण लिई कार्य सुची (TOR) तयार गरी कार्य गर्न सकिनेछ ।

(२) यो कार्यक्रम सेवा प्रदायक संघ/संस्था मार्फत वा मन्त्रालयले प्रचलित कार्यविधी ऐन, नियम तथा सार्वजनिक खरिद ऐन, नियमावलीको परिधि भित्र रही खर्च गर्न सकिनेछ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८३/०८४ को विनियोजित बजेट अनुसार हुनेछ।

(४) यस कार्यक्रमबाट मधेश भवन परिसर भित्र वातावरणीय स्वच्छता अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

१६. निर्मित भवनको संरचना सुधार: (१) . निर्मित भवनको संरचना मर्मत सम्भार गरी प्रभावकारी सेवा प्रवाहलाई अझ सहज एवं सरलीकृत गर्ने उद्देश्यका साथ यो कार्यक्रम प्रस्ताव गरिएको हो ।

(२) वन तथा वातावरण मन्त्रालयको कार्यालय भवन/आवास भवन मर्मत सुधार कार्य गर्न यो शिर्षकमा विनियोजित रकम प्रचलित आर्थिक ऐन, नियमको परिधि भित्र रही खर्च गर्नुपर्नेछ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८३/०८४ को विनियोजित बजेट अनुसार हुनेछ।

(६) कार्यालयको आफ्नै भवन/आवास मर्मत सम्भार भई भौतिक पूर्वाधार सवलीकरण भई प्रभावकारी कार्यालय संचालन सहजता हुनेछ।

१७. वार्षिक प्रगति प्रतिवेदन: (१) यस मन्त्रालय, निर्देशनालय र मातहतका निकायहरुको कार्यक्षेत्र, कार्यविवरण, कार्यक्रम, अनुगमन प्रतिवेदन, प्रगतिलाई समावेश गरी आफ्नो वार्षिक पुस्तिका प्रकाशन गरी वितरण गर्नु पर्नेछ ।

(२) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८३/०८४ को विनियोजित बजेट अनुसार हुनेछ ।

(३) यो कार्यक्रमबाट गत आर्थिक वर्षमा सञ्चालित कार्यक्रम तथा खर्चको प्रगति र उपलब्धिहरुको अभिलेखिकरण हुने, समस्या तथा चुनौतीको पहिचान र सुधारका उपायहरु उजागर गरी आगामी नीति, कार्यक्रम तथा बजेट निर्माणमा सहयोग हुनुका साथै संस्थागत पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न मद्दत पुग्नेछ ।

१८. प्रदेशस्तरिय चुरे संवाद महोत्सव: (१) तराई मधेशको लाईफ लाईनको रुपमा रहेको चुरे क्षेत्रको संरक्षण वर्तमान समयमा साझा सरोकारको विषय भए पनि सबै सरोकारवालाहरुले आ-आफ्नो तरीकाले संरक्षणका क्रियाकलापहरु सञ्चालन गरिरहेको सन्दर्भमा चुरे संरक्षणमा सबै सरोकारवालाहरुको समान बुझाई कायम भई भावी कार्य योजना तर्जुमामा सहयोग मिलोस भन्ने अपेक्षा राखी प्रदेश स्तरिय चुरे संवाद महोत्सव कार्यक्रम सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो ।

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, सिमरा

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
सिमरा, बारा

मधेश प्रदेश, यसको लागी वन तथा वातावरण मन्त्रालयले डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय, उपभोक्ता समुहहरु र सम्वन्धित सरोकारवालाहरुसंग समन्वयको आधारमा चुरे क्षेत्रमा कार्यक्रम तय गरी स्वीकृत नर्मसको आधारमा लागत अनुमान तय गरी खर्च गर्नेछ ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने वजेट आ.व.२०८३/०८४ को विनियोजित वजेट अनुसार हुनेछ ।

(४) यसवाट चुरे क्षेत्रको संरक्षण तथा व्यवस्थापन बारेमा साझा अवधारणा कायम भई प्रचार प्रसारमा सहयोग पुग्ने छ ।

१९. योजना तर्जुमा गोष्ठी: (१) प्रत्येक बर्ष मन्त्रालय मातहतका कार्यालयहरुबाट सञ्चालन भएको कार्यहरुको समीक्षा गरिने र सञ्चालन गरिने क्रियाकलापहरुको छलफल गराउनु पर्दछ। यस कार्यक्रम प्रदेश वन निर्देशनालय, वन अनुसंधान तथा तालिम केन्द्र, डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय र विषयसँग सम्वन्धित प्रतिनिधि तथा सरोकारवालाहरुको सहभागितामा सञ्चालन गरिनेछ । यस गोष्ठीमा सम्वन्धित सहभागी हुने निकायहरुबाट तोकिएको मापदण्ड, बजेटको परिधि, नीति तथा कार्यक्रम, आवाधिक योजना समेतका आधारमा प्रथमिकता तोकी आवश्यक कार्यक्रमको पहिचान तथा प्रस्तावित बजेट तयार गरिनेछ ।

(२) यस शिर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, समन्वय भत्ता, खाजा, खाना, हल भाडा, सञ्चार, स्टेशनरी, पानी, प्रतिवेदन लेखन आदिमा लागत अनुमान स्वीकृत गरी खर्च गर्न सकिनेछ । यसका साथै स्वीकृत लागत अनुमानको परिधिमा रही योजना तथा बजेट निर्माण कार्यका लागि गठित कार्यदल/समितिको वैठक भत्ता, खाजा, खाना, यातायात लगायतका कार्यमा समेत खर्च गर्न सकिनेछ ।

(३) यस कार्यक्रम अमानतवाट सञ्चालन गरिनेछ ।

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८३/०८४ को विनियोजित बजेट अनुसार हुनेछ।

(५) यस कार्यक्रमवाट आगामी आ.व.को योजना तथा बजेट निर्माणमा सहयोग पुग्नेछ ।

२०. प्रदेशस्तरीय चुरे/वन व्यवस्थापन/ वन्यजन्तु अपराध नियन्त्रण बैठक गोष्ठी: (१) यस कार्यक्रमको उद्देश्य मधेश प्रदेशमा चुरे संरक्षण, दिगो वन व्यवस्थापन तथा वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी नीति, योजना, कार्यक्रम तथा कार्यान्वयन अवस्थाको समीक्षा गर्नुका साथै सम्बन्धित निकायहरूबीच समन्वय, सहकार्य, सूचना आदान–प्रदान तथा साझा कार्ययोजना तयार गरी संरक्षण तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउनु हो।

(२) कार्यक्रममा वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन तथा सव-डिभिजन वन कार्यालय, भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यालय, सागरनाथ वन

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

गा. शंकर प्रसाद चौधरी
वन तथा वातावरण मन्त्रालय

विकास परियोजना, पर्सा राष्ट्रिय निकुञ्ज, जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्थानीय तह, सुरक्षा निकाय, वन उपभोक्ता समूह, सम्बन्धित संघ–संस्था तथा अन्य सरोकारवालाहरूको सहभागिता गराउन सकिनेछ।

(३) यस कार्यक्रमबाट चुरे संरक्षण, दिगो वन व्यवस्थापन तथा वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी अन्तरनिकाय समन्वय सुदृढ हुनेछ। सम्बन्धित निकायहरूबीच सूचना आदान–प्रदान, साझा निर्णय तथा कार्ययोजना निर्माण भई वन तथा जैविक विविधता संरक्षण, अवैध गतिविधि नियन्त्रण र प्रभावकारी वन व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

२१. प्रचार प्रसार सामग्री तयारी तथा प्रकाशनः (१) यस कार्यक्रममा विनियोजित रकम नागरिक जन चेतना अभियान (विधालयस्तर, प्रदेशमा मनाइने चाडपर्वको बेलामा सचेतनामुलक साँस्कृतिक महोत्सवको आयोजन, रेडियो/टेलिभिजन कार्यक्रम, सडक नाटक, पोष्टर, भित्ते लेखन, पम्पलेट होर्डिङ्ग बोर्ड, हाफ ज्याकेट, टिशर्ट, स्टिकर, डायरी आदि) प्रचार प्रसार तथा सामग्री उत्पादन तथा वितरणमा खर्च गर्न सकिनेछ।

(२) यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार संचालन गरिनेछ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८३/०८४को विनियोजित वजेट अनुसार हुनेछ।

(४) सरोकारवालाहरुमा जनचेतना अभिवृद्धि भई वन, वातावरण, जलाधार, जैविक विविधता, वन्यजन्तु संरक्षणमा थप प्रभावकारिता अभिवृद्धि हुनेछ।

२२. हरियाली प्रवर्धन कार्यक्रमः (१) यो कार्यक्रम वातावरणीय संरक्षण, हरित विकास र जलवायु परिवर्तन अनुकूलनको उद्देश्यले राखिएको हो। यसले हरेक नागरिकलाई वन संरक्षण र वृक्षारोपणमा प्रत्यक्ष संलग्न गराई सामूहिक हरियाली प्रवर्धन अभियानलाई राष्ट्रिय अभियानमा परिणत गर्ने उद्देश्य राख्दछ ।

(२) प्रत्येक नागरिकले कम्तिमा १ बिरुवा निशुल्क प्राप्त गरेर वृक्षारोपण गरुन भन्ने उद्देश्यले यस शिर्षकमा वजेट विनियोजन गरिएको छ ।

(३) यस कार्यक्रममा विनियोजित वजेटको पचास प्रतिशत रकम सचेतना अभिबृद्धिको लागि प्रचार प्रसार सामग्री उत्पादन तथा वितरण गरिनेछ । बाँकी रहेको रकमवाट बिरुवा खरिद, ढुवानी, वितरण, अनुगमन, प्रतिवेदन लगायतका कृयाकलापहरुमा खर्च गरिनेछ ।

(४) कार्य सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ।

- संचालित कृयाकलापको फोटो ।
- कार्यक्रमको संख्यात्मक, भौतिक तथा वित्तीय प्रगति ।

(५) कार्यक्रम सञ्चालन वन तथा वातावरण मन्त्रालय वा संघसंस्था मार्फत कार्यान्वयन गरिनेछ।

(६) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८३/०८४ को विनियोजित बजेट अनुसार

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
माननीय
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

श्री मधेश प्रदेश सरकार
श्री तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

(७) अपेक्षित उपलब्धि: वातावरणीय संरक्षण, हरित विकास र जलवायु परिवर्तन अनुकूलन सम्बन्धि सचेतना अभिबृद्धि तथा जीविकोपार्जनमा सहयोगी हुनेछ ।

परिच्छेद-४: प्रदेश वन निर्देशनालय तर्फ

२३. प्रदेश वन निर्देशनालयको भवन निर्माण(पुरानो भुक्तानी प्रयोजन) तथा निर्मित भवनको स्तरोन्नती: (१) यस कार्यक्रमको उद्देश्य प्रदेश वन निर्देशनालयको भवन निर्माण कार्य अन्तर्गत सम्पन्न भएका वा निर्माणाधीन कार्यहरूको बाँकी दायित्व (पुरानो भुक्तानी) भुक्तानी गर्नु तथा निर्मित भवनको आवश्यक मर्मत, स्तरोन्नति, सेवा विस्तार र संरचनागत सुधार गरी सुरक्षित, व्यवस्थित तथा सेवा प्रवाहमैत्री कार्यालय पूर्वाधार विकास गर्नु हो।

(२) निर्माण कार्यको पुरानो दायित्व (Outstanding Liability) सम्बन्धित निर्माण सम्झौता, नापी किताव (Measurement Book), कार्य सम्पन्न प्रतिवेदन, बिल, इन्भ्वाइस तथा अन्य आवश्यक कागजातका आधारमा प्रचलित आर्थिक ऐन, आर्थिक नियमावली, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) वमोजिम भुक्तानी गरिनेछ।

(३) यस कार्यक्रमबाट प्रदेश वन निर्देशनालयको भवन निर्माणसँग सम्बन्धित बाँकी दायित्व समयमै फछर्यौट हुनेछ। साथै कार्यालय भवनको स्तरोन्नति भई सुरक्षित, गुणस्तरीय, सेवा प्रवाहमैत्री तथा कार्यसम्पादनका लागि उपयुक्त भौतिक पूर्वाधार सुनिश्चित हुने अपेक्षा गरिएको छ।

२४. वन विज्ञानसँग सम्बन्धित बिषयमा स्नातक तहमा अध्ययनरत ईन्टर्न बिधार्थीहरुलाई अनुदान सहयोग: (१) वन विज्ञानसँग सम्बन्धित बिषयमा स्नातक तहमा अध्ययनरत विधार्थीहरुलाई यस प्रदेशमा अध्ययनको कार्यक्षेत्र बनाई ईन्टर्न विद्यार्थीलाई सहयोग उपलब्ध गराउन मान्यता प्राप्त स्वदेशी विश्वविधालय लगायतका अन्य विश्वविधालय तथा क्याम्पससँग समेत समन्वय र सहकार्यमा उपलब्ध गराईनेछ। साथै मधेश प्रदेशका स्थायी बासिन्दा, महिला तथा दलित वर्गलाई विशेष ग्राहयता दिनु पर्नेछ। ईन्टर्न विद्यार्थीहरुलाई अनुदान सहयोग सम्बन्धी कार्यसूची/मापदण्ड तयार गरी मन्त्रालयबाट स्वीकृत गरी सोहीबमोजिम सञ्चालय गरिनेछ ।

(२) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८३/०८४ को विनियोजित बजेट अनुसार हुनेछ।

(३) अध्ययनरत विद्यार्थीहरुलाई वन तथा वातावरण मन्त्रालय र मातहतको कार्यालयको कार्य क्षेत्रमा सम्पादन गर्नुपर्ने कामका वारेमा अभ्यासात्मक ज्ञान प्राप्तिका साथै वन तथा वातावरण क्षेत्रमा आवश्यक नवीनतम अध्ययन अनुसन्धानको कार्यहरुका प्रतिवेदन तयार भई मन्त्रालयलाई प्राप्त हुने।

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी

वन तथा [illegible] मन्त्रालय
मधेश प्रदेश [illegible]

२५. वन्यजन्तुवाट हुने क्षतिको राहत वितरणः (१) यस कार्यक्रमको उद्देश्य वन्यजन्तुवाट मानवीय क्षति, पशुधनको क्षति तथा कृषि बाली, घरगोठ वा अन्य सम्पत्तिमा हुने क्षतिको राहत प्रचलित ऐन, नियमावली वा प्रचलित वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका बमोजिम उपलब्ध गराई पीडितलाई आर्थिक सहायता प्रदान गर्नु तथा मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा सहयोग पुर्‍याउनु हो।

(२) यस कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम तथा विनियोजित बजेटको सीमाभित्र रही तथा प्रचलित राहत निर्देशिका अनुसार खर्च गरिनेछ।

(३) यस कार्यक्रमबाट वन्यजन्तुबाट पीडित व्यक्ति तथा परिवारले समयमै राहत प्राप्त गर्नेछन्। मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा सहयोग पुग्ने, संरक्षणप्रति स्थानीय समुदायको विश्वास अभिवृद्धि हुने तथा वन्यजन्तु संरक्षण र मानव हितबीच सन्तुलन कायम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

२६. दिवस समारोह (वातावरण, भू-संरक्षण, जैविक विविधता, सामुदायिक वन, पृथ्वी दिवस लगायतका दिवस)ः (१)यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने दिवस समारोह जस्तैःवातावरण, भू-संरक्षण, जैविक विविधता, सामुदायिक वन, पृथ्वी दिवस, राष्ट्रिय वृक्षारोपण दिवस, विश्व सिमसार दिवस, चुरे दिवस, वन्यजन्तु सप्ताह, वन डढेलो सप्ताह जस्ता वन तथा वातावरणसँग सम्बन्धित निर्धारित वा आवश्यक ठहरिने दिवस÷समारोह सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो ।

(२) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८३/०८४ को विनियोजित बजेट अनुसार हुनेछ।

(३) वन, वातावरण, जैविक विविधता, वन्यजन्तु संरक्षण तथा व्यवस्थापन सम्बन्धमा जनचेतना अभिवृद्धि हुनेछ।

२७. प्रचार प्रसार सामग्री तयारी तथा प्रकाशनः (१) यस कार्यक्रममा विनियोजित रकम पोष्टर, पम्पलेट होर्डिङ्ग बोर्ड, टिशर्ट, स्टिकर आदि प्रचार प्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन खरिद र वितरण गर्नमा खर्च गर्न सकिनेछ ।

(२) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८३/०८४ को विनियोजित बजेट अनुसार हुनेछ।

(३) सरोकारवालाहरु माझ सूचनाको प्रवाह भई संरक्षण सम्वर्द्धनमा प्रभावकारिता अभिवृद्धि ।

२८. प्रगति समीक्षा गोष्ठीः (१) मन्त्रालय र मातहतका कार्यालयहरुको त्रैमासिक तथा बार्षिक प्रगति बारे छलफल, समिक्षा तथा कार्यक्रम संचालन गर्दा आई पर्ने समस्या समाधानका लागि पृष्ठपोषणका लागि मन्त्रालय, मातहतका कार्यालय र सरोकारवालाहरु भेला गराई सो का लागि आवश्यक पर्ने हल भाडा, खाना, खाजा, दैनिक भ्रमण भत्ता, यातायात खर्च, मसलन्द आदि कार्यमा यो शिर्षकमा बिनियोजित रकम प्रचलित आर्थिक ऐन, नियमको परिधि भित्र रही खर्च गर्नुपर्नेछ।

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी

(२) प्रचलित आर्थिक ऐन नियम पालना गरी कार्य सञ्चालन गर्नुपर्नेछ। कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ।

- संचालित कृयाकलापको फोटो
- कार्यक्रमको संख्यात्मक भौतिक प्रगति र भारित प्रगति
- कार्यक्रमको वित्तीय प्रगति

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८३/०८४को विनियोजित वजेट अनुसार हुनेछ।

(४) यस कार्यक्रमबाट त्रैमासिक तथा बार्षिक प्रगति बारे छलफल, समिक्षा तथा कार्यक्रम संचालन गर्दा आई पर्ने समस्या समाधानका लागि पृष्ठपोषण प्राप्त हुनेछ ।

२९. अनुगमन मुल्याङ्कन खर्च(नियमित अनुगमण): (१)प्रदेश भित्र भएका वन तथा वातावरण मन्त्रालय मातहतका कार्यालयहरु अन्तरगर्तका वन संरक्षण, व्यवस्थापन, पुरानो काठको मूल्याङ्कन तथा व्यवस्थापन र वन विकास निर्माण लगायतका अन्य आवश्यक सम्पुर्ण कार्यको अनुगमन मुल्याङ्कन गर्दा कर्मचारी दैनिक भ्रमण भत्ता, इन्धन आदी कार्यमा यो शिर्षकमा बिनियोजित रकम प्रचलित आर्थिक ऐन, नियमको परिधि भित्र रही खर्च गर्नुपर्नेछ।

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

परिच्छेद-५ : वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र तर्फ

३०. वन विज्ञानसँग सम्बन्धित विषयमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूलाई अनुसन्धानका लागि अनुदान (Thesis Grant) सहयोग: (१) वन विज्ञानसँग सम्वन्धित विषयमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूलाई स्नातक तहमा यस प्रदेशमा अध्ययनको कार्यक्षेत्र बनाई शोधपत्र तयार गर्न विद्यार्थीलाई अनुसन्धान सहयोग उपलब्ध गराउन मान्यता प्राप्त स्वदेशी विश्वविद्यालय लगायतका अन्य विश्वविद्यालय तथा क्याम्पससँग समेत समन्वय र सहकार्यमा शोधपत्र गराइनेछ। साथै मधेश प्रदेशका स्थायी बासिन्दा, महिला तथा दलित वर्गलाई विशेष प्राथमिकता दिनुपर्नेछ।

उपर्युक्त अनुसारका क्याम्पसमा अन्तिम वर्षमा अध्ययनरत स्नातक तहका विद्यार्थीहरूलाई शोधपत्रको प्रतिवेदन तयारी पश्चात् स्नातक तहको लागि अनुदान सहयोग उपलब्ध गराइनेछ। यसमा विनियोजित बजेट कार्यसूची तयारी, सूचना प्रकाशन, प्रस्ताव मूल्याङ्कन, स्थलगत अध्ययन, प्रस्तुतीकरण, प्रतिवेदन तयारी/सम्पादन, अनुगमनका कार्य लगायतमा समेत खर्च गर्न सकिनेछ।

यस कार्यक्रम सम्पन्न गर्न सम्वन्धित अध्ययन कार्यक्रमको विस्तृत कार्यक्षेत्रगत सर्त तयार गरी मन्त्रालयबाट स्वीकृत गराई प्रदेश आर्थिक कार्यविधि ऐन, प्रदेश आर्थिक कार्यविधि नियमावली, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, प्रचलित ऐन नियम तथा स्वीकृत नर्म्सको पालना गरिनेछ।

(क) जनशक्ति व्यवस्थापन: वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सागरनाथ, सर्लाही

(ख) सहयोग तथा समन्वय: स्वदेशी विश्वविधालय तथा क्याम्पसहरु।

(२) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८३/०८४ को विनियोजित बजेट अनुसार हुनेछ।

(३) वन तथा वातावरण क्षेत्रमा नयाँ नयाँ अध्ययन अनुसन्धानको कार्यहरु प्रतिवेदन तयार भई कार्यान्वयन हुनेछ।

३१. वन विज्ञानसँग सम्बन्धित विषयमा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूलाई अनुसन्धानका लागि अनुदान (Thesis Grant) सहयोग: (१) वन विज्ञानसँग सम्बन्धित विषयमा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूलाई स्नातकोत्तर तहमा यस प्रदेशमा अध्ययनको कार्यक्षेत्र बनाई शोधपत्र तयार गर्न विद्यार्थीलाई अनुसन्धान सहयोग उपलब्ध गराउन मान्यता प्राप्त स्वदेशी विश्वविद्यालय लगायतका अन्य विश्वविद्यालय तथा क्याम्पससँग समेत समन्वय र सहकार्यमा शोधपत्र गराइनेछ। साथै मधेश प्रदेशका स्थायी बासिन्दा, महिला तथा दलित वर्गलाई विशेष प्राथमिकता दिनुपर्नेछ।

उपर्युक्त अनुसारका क्याम्पसमा अन्तिम वर्षमा अध्ययनरत स्नातकोत्तर तहका विद्यार्थीहरूलाई शोधपत्र तयारीको प्रतिवेदन पश्चात् स्नातक तहको लागि अनुदान सहयोग उपलब्ध गराइनेछ। यसमा

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी
तराई
वन तथा [illegible]
मधेश [illegible]

मधेश प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय नेपाल जनकपुरधाम

विनियोजित बजेट कार्यसूची तयारी, सूचना प्रकाशन, प्रस्ताव मूल्याङ्कन, स्थलगत अध्ययन, प्रस्तुतीकरण, प्रतिवेदन तयारी/सम्पादन, अनुगमनका कार्य लगायतमा समेत खर्च गर्न सकिनेछ।

यस कार्यक्रम सम्पन्न गर्न सम्बन्धित अध्ययन कार्यक्रमको विस्तृत कार्यक्षेत्रगत सर्त तयार गरी मन्त्रालयबाट स्वीकृत गराई प्रदेश आर्थिक कार्यविधि ऐन, प्रदेश आर्थिक कार्यविधि नियमावली, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, प्रचलित ऐन नियम तथा स्वीकृत नर्म्सको पालना गरिनेछ।

(२) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८३/०८४ को विनियोजित बजेट अनुसार हुनेछ।

(३) वन तथा वातावरण क्षेत्रमा नयाँ नयाँ अध्ययन अनुसन्धानको कार्यहरु प्रतिवेदन तयार भई कार्यान्वयन हुनेछ।

३२. प्रशिक्षण हल सहितको भवन निर्माण: (१) प्रशिक्षण, कार्यशाला, गोष्ठी तथा अन्य सामुदायिक शैक्षिक/व्यावसायिक गतिविधि सञ्चालन गर्न सुविधा सम्पन्न पूर्वाधार आवश्यक पर्छ। यस कार्यक्रम अन्तर्गत एकीकृत रूपमा प्रशिक्षण हल सहितको भवन निर्माण गरी दिगो रूपमा सञ्चालनमा ल्याउने लक्ष्य राखिएको छ।

(२) यसको उद्देश्य गुणस्तरीय प्रशिक्षण, गोष्ठी र तालिमका लागि उपयुक्त भौतिक पूर्वाधार निर्माण गर्नु हो।

(३) कार्यक्रम सञ्चालनको लागि स्थान छनोट र जग्गा व्यवस्थापन, प्राविधिक डिजाइन, नक्सा पास, लागत अनुमान तयार गर्ने नियमानुसार ठेक्का/कोटेशन प्रक्रियामार्फत निर्माण कार्य सम्पन्न गर्ने।

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८३/०८४को विनियोजित बजेट अनुसार हुनेछ।

३३. वन स्रोत सर्वेक्षण, मापन तथा फिल्ड तथ्याङ्क सङ्कलनका लागि आवश्यक उपकरण खरिद (Diameter Tape, Prismatic Compass, Clinometer, Tree Caliper, Relascope, Ranging Rod, ३० m Measuring Tape आदि): (१) यस कार्यक्रमको उद्देश्य वन स्रोतको वैज्ञानिक सर्वेक्षण, मापन, सूचीकरण (Forest Inventory), नमुना प्लट स्थापना, वन व्यवस्थापन योजना तर्जुमा, जैविक विविधता अध्ययन तथा फिल्ड तथ्याङ्क सङ्कलन कार्यलाई प्रभावकारी, गुणस्तरीय र विश्वसनीय बनाउन आवश्यक प्राविधिक उपकरणहरूको खरिद तथा व्यवस्थापन गर्नु हो।

(२) खरिद गरिएका उपकरणहरू सम्बन्धित कार्यालयमा दर्ता, अभिलेखीकरण, जिन्सी दाखिला तथा जिम्मेवारी हस्तान्तरण गरी प्रचलित कानून बमोजिम संरक्षण र प्रयोग गरिनेछ।

(३) उपकरण खरिद कार्य प्रचलित आर्थिक ऐन, आर्थिक नियमावली, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम प्रतिस्पर्धात्मक प्रक्रिया अपनाई सञ्चालन

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

गा. शंकर प्रसाद चौधरी
वन [illegible] मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

गरिनेछ। यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व. २०८३/८४ को विनियोजित बजेट अनुसार हुनेछ।

हुनेछ।

(४) यस कार्यक्रमबाट वन स्रोत सर्वेक्षण, वन मापन, नमुना प्लट स्थापना, फिल्ड तथ्याङ्क सङ्कलन तथा वन व्यवस्थापन योजनाका लागि आवश्यक गुणस्तरीय उपकरण उपलब्ध हुनेछन्। यसबाट वन स्रोतसम्बन्धी तथ्याङ्कको शुद्धता, विश्वसनीयता तथा कार्यसम्पादनको प्रभावकारिता अभिवृद्धि भई वैज्ञानिक वन व्यवस्थापन तथा निर्णय प्रक्रियामा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

३४. जि.पि.एस. खरिद: (१) यस कार्यक्रमको उद्देश्य वन स्रोतको सर्वेक्षण, वन सीमाङ्कन, वन व्यवस्थापन योजना कार्यान्वयन, जैविक विविधता अध्ययन, वन डढेलो अनुगमन, मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापन, वन अपराध अनुगमन तथा भौगोलिक सूचना प्रणाली (GIS) मा आधारित तथ्याङ्क सङ्कलनलाई प्रभावकारी, गुणस्तरीय तथा विश्वसनीय बनाउन आवश्यक ग्लोबल पोजिसनिङ सिस्टम (GPS) उपकरण खरिद तथा व्यवस्थापन गर्नु हो।

(२) विनियोजित बजेटबाट GPS उपकरण खरिद, ढुवानी, बीमा (आवश्यक भएमा), प्रारम्भिक परीक्षण, आवश्यक सहायक सामग्री तथा कार्यक्रम सञ्चालनसँग सम्बन्धित अन्य आवश्यक खर्च गर्न सकिनेछ।

(३) यस कार्यक्रमबाट वन तथा वातावरण क्षेत्रका कार्यालयहरूमा आवश्यक GPS उपकरण उपलब्ध भई वन सीमाङ्कन, वन स्रोत सर्वेक्षण, स्थानाङ्क (Geospatial) तथ्याङ्क सङ्कलन, वन नक्साङ्कन, अनुगमन तथा निरीक्षण कार्य थप प्रभावकारी, विश्वसनीय र प्रविधिमैत्री हुने अपेक्षा गरिएको छ।

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व. २०८३/८४ को विनियोजित बजेट अनुसार हुनेछ।

हुनेछ।

३५. भौगोलिक सूचना प्रणाली (GIS) तथा GPS आधारित वन नक्साङ्कन तालिम: (१) यस कार्यक्रमको उद्देश्य वन तथा वातावरण क्षेत्रका कर्मचारीहरूको भौगोलिक सूचना प्रणाली (Geographic Information System - GIS), ग्लोबल पोजिसनिङ सिस्टम (Global Positioning System–GPS), रिमोट सेन्सिङ तथा डिजिटल वन नक्साङ्कन सम्बन्धी ज्ञान, सीप र प्राविधिक दक्षता अभिवृद्धि गरी वन स्रोतको सर्वेक्षण, नक्साङ्कन, विश्लेषण तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउनु हो।

(२) तालिमका लागि विनियोजित रकमलाई तालिम सामग्री खरिद, सहभागीहरूको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, उद्घाटन तथा समापन कार्यक्रम लगायतका शीर्षकहरूमा खर्च गर्न सकिनेछ। यो खर्च स्वीकृत लागत इस्टिमेट, प्रचलित आर्थिक ऐन, नियमावली तथा सार्वजनिक खरिद

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

ऐन/नियमावली अनुसार विस्तृत योजना बनाई व्यवस्थापन गर्नुपर्नेछ। तालिमको अवधि कम्तीमा ५ दिनको हुनुपर्नेछ। यस तालिममा वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन/सब-डिभिजन वन कार्यालय तथा भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यालयहरू, सागरनाथ वन विकास परियोजना, पर्सा राष्ट्रिय निकुञ्जका चौथो देखि आठौं तहका वन कर्मचारीहरू वा सो सरहका वन सेवाका कर्मचारीहरूको सहभागिता रहनेछ। आवश्यकता अनुसार स्थानीय तहका वन प्राविधिकहरू, साझेदारी तथा सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी र कर्मचारीहरूलाई पनि सहभागी गराउन सकिनेछ।

(३) कार्य सम्पन्न भए पश्चात प्रतिवेदन पेश गर्दा समावेश गर्नुपर्ने विषयहरू:

क) तालिमको विषयवस्तु, उद्देश्य र औचित्य।

ख) क्रियाकलाप सञ्चालन गरिएको स्थान तथा अवधि।

ग) सहभागीहरूको उपस्थिति विवरण तथा आवश्यक माइन्युट।

घ) कार्यक्रमसँग सम्बन्धित फोटो, ब्यानर तथा अन्य दृश्य सामग्री।

ङ) कार्यक्रमको भौतिक तथा वित्तीय प्रगतिसहितको प्रतिवेदन।

च) तालिमबाट तयार भएका नमुना नक्सा, स्थानिक तथ्याङ्क वा अन्य प्रयोगात्मक कार्यको अभिलेख।

(४) यो तालिम वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालयहरूसँग समन्वय गरेर सञ्चालन गर्नु पर्ने छ । तालिम संचालन गर्दा आवश्यक्ता अनुसारका विषय विज्ञहरु लाई प्रिशक्षकका रुपमा सहभागी गराउने र मन्त्रालय र मातहत का निकाय लाई प्राथमिक्तामा राखनु पर्नेछ ।

(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व. २०८३/८४ को विनियोजित बजेट अनुसार हुनेछ।

(६) यस तालिमबाट सहभागीहरूले GIS, GPS तथा रिमोट सेन्सिङ प्रविधिको प्रयोग गरी वन स्रोतको नक्साङ्कन, स्थानिक तथ्याङ्क सङ्कलन, विश्लेषण तथा डिजिटल वन सूचना व्यवस्थापन गर्न आवश्यक व्यावहारिक ज्ञान र सीप हासिल गर्नेछन्। यसबाट वन व्यवस्थापन योजना, अनुगमन, वन स्रोतको अभिलेखीकरण तथा निर्णय प्रक्रियामा आधुनिक प्रविधिको प्रभावकारी प्रयोग हुने अपेक्षा गरिएको छ।

३६. वृक्षरोपण कार्यक्रमको वर्तमान अवस्था, सफलता दर तथा कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरूको अध्ययन : (१) मधेश प्रदेशमा विभिन्न निकायबाट सञ्चालन भएका वृक्षरोपण कार्यक्रमहरूको वर्तमान अवस्था, सफलता दर तथा कार्यान्वयनमा देखिएका समस्या र चुनौतीसम्बन्धी वस्तुगत जानकारी प्राप्त गरी आगामी कार्यक्रम सुधारका लागि आधार तयार गर्ने उद्देश्यले यो अध्ययन सञ्चालन गरिनेछ।

(२) अध्ययनका उद्देश्य देहाय बमोजिम रहनेछन्:

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

(क) वृक्षरोपण कार्यक्रमहरूको वर्तमान अवस्था तथा उपलब्ध अभिलेख र तथ्याङ्कको समीक्षा गर्ने।

ख) छनोट गरिएका वृक्षरोपण स्थलहरूको स्थलगत अवलोकन तथा तथ्याङ्क सङ्कलन गरी सफलता दरको आकलन गर्ने।

ग) वृक्षरोपण कार्यक्रम कार्यान्वयनमा देखिएका प्रमुख समस्या तथा चुनौती पहिचान गर्ने।

घ) आगामी वृक्षरोपण कार्यक्रमको योजना, कार्यान्वयन तथा अनुगमन सुधारका लागि व्यावहारिक सुझाव प्रस्तुत गर्ने।

(३) कार्यक्रम सञ्चालन गर्नु अघि अध्ययनको कार्यक्षेत्र, विधि, नमुना तथा स्थल छनोट, तथ्याङ्क सङ्कलनका सूचक र लागत अनुमान स्वीकृत गरिनेछ। अध्ययन वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट वा आवश्यकता तथा प्रचलित कानून बमोजिम परामर्श सेवा वा विषयविज्ञको सेवा लिई सञ्चालन गर्न सकिनेछ।

(४) अध्ययनका क्रममा सम्बन्धित डिभिजन/सब- डिभिजन वन कार्यालय, स्थानीय तह, सामुदायिक तथा साझेदारी वन उपभोक्ता समूह र वृक्षरोपण कार्यक्रमसँग सम्बन्धित अन्य निकाय वा सरोकारवालाबाट आवश्यक तथ्याङ्क तथा जानकारी सङ्कलन गर्न सकिनेछ।

(५) कार्यक्रम सम्पन्न भएपछि देहायका कागजात पेश गरी अभिलेख राख्नुपर्नेछः

क) कार्यसम्पन्न तथा अध्ययन प्रतिवेदन।

ख) वृक्षरोपणको वर्तमान अवस्था, सफलता दर, समस्या, चुनौती तथा सुझाव समेटिएको अन्तिम प्रतिवेदनको डिजिटल प्रति।

ग) अध्ययनमा प्रयोग भएका आवश्यक तथ्याङ्क, तालिका, सम्बन्धित फोटो, डिजिटल डाटासेट तथा उपलब्ध भएसम्म अध्ययन स्थलको GPS स्थान विवरण वा नक्सा।

घ) कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति विवरण।

(६) वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय तथा सम्बन्धित विषयविज्ञ वा सरोकारवालासँग समन्वय गरी अध्ययन सञ्चालन गर्न सक्नेछ।

(७) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व. २०८३/८४ को विनियोजित बजेट अनुसार हुनेछ। कार्यक्रम स्वीकृत लागत अनुमान, प्रदेश आर्थिक कार्यविधि ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययितासम्बन्धी निर्देशिका, प्रचलित ऐन नियम तथा स्वीकृत नर्म्सको अधीनमा रही सञ्चालन गरिनेछ।

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

(८). अध्ययनबाट वृक्षरोपण कार्यक्रमको वास्तविक अवस्था तथा सफलता दरसम्बन्धी आधारभूत तथ्याङ्क उपलब्ध हुने, कार्यान्वयनका समस्या र चुनौती पहिचान हुने तथा आगामी वृक्षरोपण कार्यक्रमको योजना, अनुगमन र सुधारका लागि उपयोगी सिफारिस प्राप्त हुने अपेक्षा गरिएको छ।

नोटः माथि उल्लिखित कार्यक्रमहरू स्वीकृत बजेटको सीमाभित्र रही सञ्चालन गर्नुपर्नेछ। कार्यक्रम सञ्चालन गर्दा प्रदेश आर्थिक कार्यविधि ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययितासम्बन्धी निर्देशिका, स्वीकृत नर्म्स तथा सम्बन्धित निकायबाट जारी निर्देशनको पालना गरी लागत अनुमान स्वीकृत गराउनुपर्नेछ।

३७. वन सेवामा प्रवेश गरेका कर्मचारीहरूको लागि Refresher तालिमः (१) यो तालिमको उद्देश्य नवनियुक्त कर्मचारीहरूलाई सेवा र समूह तथा तिनले सम्पादन गर्नुपर्ने कार्य विवरण बारे परिचय गराउनु हो। यस तालिम पश्चात् नवनियुक्त कर्मचारीमा कार्यक्षमता र मनोबलमा वृद्धि भई कार्यसम्पादनमा प्रभावकारिता बढ्नेछ।

(२) तालिमको लागि विनियोजित रकमलाई प्रचलित आर्थिक ऐन, नियमावली तथा सार्वजनिक खरिद ऐन/नियमावली अनुसार स्वीकृत लागत इस्टिमेटको आधारमा विस्तृत योजना बनाई खर्च गर्नुपर्नेछ। खर्चका शीर्षकहरूमा तालिम सामग्री खरिद, सहभागीहरूको दैनिक भत्ता, यातायात खर्च, हल भाडा, प्रशिक्षक भत्ता, र उद्घाटन तथा समापन कार्यक्रम समावेश गरिनेछ। तालिमको अवधि न्यूनतम ३ दिनको हुनेछ। यस तालिममा वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन/सब-डिभिजन वन कार्यालय, भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यालय, सागरनाथ वन विकास परियोजना, पर्सा राष्ट्रिय निकुञ्जका कर्मचारीहरूको सहभागिता अनिवार्य हुनेछ।

(३) तालिम सम्पन्न भएपछि सहभागी विवरण, उपस्थिति, तालिमको विषयवस्तु, फोटो, आवश्यक मूल्याङ्कन वा पृष्ठपोषण तथा भौतिक र वित्तीय प्रगतिसहितको प्रतिवेदन पेश गर्नुपर्नेछ।

(४) तालिम वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालयहरूसँग समन्वय गरेर सञ्चालन गर्न सक्नेछ। आवश्यक परेमा विशेषज्ञ प्रशिक्षकहरूलाई सहभागी गराएर तालिमलाई प्रभावकारी बनाइनेछ।

(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व. २०८३/८४ को विनियोजित बजेट अनुसार हुनेछ।

(६) तालिमबाट नयाँ प्रवेश गरेका कर्मचारीहरू आफ्नो भूमिका, जिम्मेवारी, प्रचलित कार्यविधि तथा स्थलगत र कार्यालयीय कार्यप्रणालीबारे स्पष्ट भई कार्यसम्पादनमा सहजता प्राप्त गर्नेछन्।

३८. फरेस्टर/वन रक्षक सरहका वन कर्मचारीको लागि सेवाकालीन तालिम (३० कार्य दिने):

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी

७४. वन संरक्षणको लागि गस्ती परिचालन गर्न इन्धन

(१) यस कार्यक्रमको उद्देश्य वन क्षेत्रको नियमित गस्ती, निगरानी तथा निरीक्षणमार्फत चोरी निकासी, अतिक्रमण, डढेलो तथा अन्य वन अपराध नियन्त्रण गर्नु हो।

(२) जोखिमयुक्त तथा संवेदनशील वन क्षेत्रमा सम्बन्धित वन कार्यालयले स्वीकृत कार्यतालिकाअनुसार गस्ती परिचालन गर्नेछ।

(३) विनियोजित बजेटबाट प्रचलित मापदण्ड तथा कानुनबमोजिम गस्तीमा प्रयोग हुने सवारी साधनको इन्धन खर्च गर्न सकिनेछ।

(४) वन क्षेत्रमा नियमित निगरानी तथा गस्ती वृद्धि भई वन अपराध तथा क्षति न्यूनीकरणमा सहयोग पुग्नेछ।

७५. जलवायु परिवर्तन अभिमुखीकरण तालिम

(१) यस कार्यक्रमको उद्देश्य जलवायु परिवर्तनका असर, अनुकूलन, न्यूनीकरण तथा वन क्षेत्रको भूमिकासम्बन्धी ज्ञान र क्षमता अभिवृद्धि गर्नु हो।

(२) वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, डिभिजन तथा सब–डिभिजन वन कार्यालय, स्थानीय तह तथा सम्बन्धित सरोकारवालालाई सहभागी गराउन सकिनेछ।

(३) विनियोजित बजेटबाट प्रशिक्षक पारिश्रमिक, तालिम सामग्री, स्टेशनरी, सहभागी खर्च, हल, चिया–खाजा तथा अन्य आवश्यक खर्च गर्न सकिनेछ।

(४) जलवायु परिवर्तनका प्रभाव तथा अनुकूलनका उपायसम्बन्धी ज्ञान अभिवृद्धि भई जलवायु–मैत्री वन तथा वातावरण कार्यक्रम सञ्चालनमा सहयोग पुग्नेछ।

७६. वन तथा वातावरणसँग सम्बन्धित तालिम/गोष्ठी/अन्तरक्रिया

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी
वन तथा ... मन्त्रालय

(१) यस कार्यक्रमको उद्देश्य वन, वातावरण, जैविक विविधता, जलवायु परिवर्तन तथा प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गर्नु हो।

(२) सम्बन्धित सरकारी निकाय, स्थानीय तह, वन उपभोक्ता समूह, निजी वनधनी, वन उद्यमी तथा अन्य सरोकारवालालाई विषयअनुसार सहभागी गराउन सकिनेछ।

(३) विनियोजित बजेटबाट प्रचलित कानुनबमोजिम प्रशिक्षक पारिश्रमिक, तालिम सामग्री, स्टेशनरी, सहभागी खर्च, हल, चिया–खाजा तथा अन्य आवश्यक खर्च गर्न सकिनेछ।

(४) सहभागीहरूको क्षमता अभिवृद्धि भई वन तथा वातावरण संरक्षण तथा दिगो व्यवस्थापनसम्बन्धी कार्यक्रमहरूको कार्यान्वयनमा प्रभावकारिता वृद्धि हुने अपेक्षा गरिएको छ।

७७. चुरे क्षेत्रको संरक्षण तथा प्रवर्द्धन कार्यक्रम

(१) यस कार्यक्रमको उद्देश्य चुरे क्षेत्रको वन, माटो, पानी, जैविक विविधता तथा प्राकृतिक स्रोतको संरक्षण गरी भू–क्षय तथा वातावरणीय जोखिम न्यूनीकरण गर्नु हो।

(२) जोखिमयुक्त क्षेत्र पहिचान गरी वृक्षारोपण, भू–क्षय नियन्त्रण, जलाधार संरक्षण, पानी पुनर्भरण तथा समुदायमा आधारित संरक्षणका कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(३) विनियोजित बजेटबाट प्रचलित कानुनबमोजिम विरुवा, वृक्षारोपण, संरक्षण संरचना, जलाधार व्यवस्थापन, जनश्रम तथा अन्य आवश्यक सामग्री/सेवामा खर्च गर्न सकिनेछ।

(४) चुरे क्षेत्रको वन तथा प्राकृतिक स्रोत संरक्षण भई भू–क्षय, बाढी तथा पानीका स्रोतमा पर्ने प्रतिकूल प्रभाव न्यूनीकरणमा सहयोग पुग्नेछ।

७८. कार्यालयहरूको व्यवस्थापन सुधार

(१) यस कार्यक्रमको उद्देश्य वन कार्यालयहरूको भौतिक, प्राविधिक तथा प्रशासनिक व्यवस्थापन सुधार गरी सेवा प्रवाह तथा कार्यसम्पादनलाई प्रभावकारी बनाउनु हो।

(२) कार्यालयको आवश्यकता पहिचान गरी प्राथमिकताका आधारमा आवश्यक सामग्री तथा व्यवस्थापकीय सुधारका कार्य सञ्चालन गर्न सकिनेछ।

(३) विनियोजित बजेटबाट प्रचलित कानुनबमोजिम कार्यालय सामग्री, फर्निचर, स्टेशनरी, सञ्चार तथा सूचना प्रविधि सामग्री तथा अन्य आवश्यक व्यवस्थापन खर्च गर्न सकिनेछ।

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

(४) कार्यालयको कार्यसम्पादन, अभिलेख व्यवस्थापन तथा सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरिएको छ।

७९. सामुदायिक वनको विधान र कार्ययोजना नवीकरणमा सहयोग

(१) यस कार्यक्रमको उद्देश्य सामुदायिक वन उपभोक्ता समूहको विधान तथा वन कार्ययोजनालाई प्रचलित कानुन, नीति तथा वनको वर्तमान अवस्थाअनुकूल अद्यावधिक गर्नु हो।

(२) सम्बन्धित उपभोक्ता समूह, वन प्राविधिक तथा सरोकारवालाको सहभागितामा आवश्यक परामर्श, स्थलगत अध्ययन तथा दस्तावेज तयारी गरी नवीकरणमा सहयोग गर्न सकिनेछ।

(३) विनियोजित बजेटबाट प्रचलित कानुनबमोजिम बैठक, प्राविधिक सहयोग, स्थलगत निरीक्षण, स्टेशनरी तथा छपाइसम्बन्धी खर्च गर्न सकिनेछ।

(४) सामुदायिक वनको विधान तथा कार्ययोजना अद्यावधिक भई वन व्यवस्थापन तथा उपभोक्ता समूहको संस्थागत सुशासनमा सुधार हुने अपेक्षा गरिएको छ।

८०. सामुदायिक वन उपभोक्ता समूह गठन, विधान, कार्ययोजना तयारी तथा हस्तान्तरण

(१) यस कार्यक्रमको उद्देश्य सामुदायिक वन उपभोक्ता समूह गठन गरी विधान तथा वन कार्ययोजना तयार तथा स्वीकृत गराई वन व्यवस्थापनको जिम्मेवारी हस्तान्तरण गर्नु हो।

(२) सम्बन्धित वन क्षेत्रका उपभोक्ताहरूको सहभागितामा समूह गठन, विधान तथा कार्ययोजना तयारी र आवश्यक प्रक्रिया पूरा गरी हस्तान्तरण गरिनेछ।

(३) विनियोजित बजेटबाट प्रचलित कानुनबमोजिम स्थलगत सर्वेक्षण, बैठक, प्राविधिक सहयोग, स्टेशनरी, छपाइ तथा अन्य आवश्यक खर्च गर्न सकिनेछ।

(४) वन व्यवस्थापनमा स्थानीय उपभोक्ताको सहभागिता अभिवृद्धि भई सामुदायिक वनको संरक्षण तथा दिगो व्यवस्थापनमा सहयोग पुग्नेछ।

८१. वन तथा वन्यजन्तु व्यवस्थापन कार्यक्रम

(१) यस कार्यक्रमको उद्देश्य वन तथा वन्यजन्तुको संरक्षण, व्यवस्थापन, जैविक विविधता संरक्षण तथा मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्नु हो।

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

(२) सम्बन्धित वन कार्यालय तथा सरोकारवाला निकायको समन्वयमा वन संरक्षण, वन्यजन्तु निगरानी, उद्धार, बासस्थान व्यवस्थापन तथा संरक्षणसम्बन्धी कार्य सञ्चालन गर्न सकिनेछ।

(३) विनियोजित बजेटबाट प्रचलित कानुनबमोजिम संरक्षण सामग्री, गस्ती, इन्धन, उद्धार तथा व्यवस्थापन उपकरण, जनचेतना तथा अन्य आवश्यक खर्च गर्न सकिनेछ।

(४) वन तथा वन्यजन्तुको संरक्षण र व्यवस्थापन प्रभावकारी भई जैविक विविधता तथा पारिस्थितिकीय प्रणालीको संरक्षणमा योगदान पुग्नेछ।

८२. वन डढेलो नियन्त्रण गर्न वन डढेलो सप्ताह (चैत्र १ देखि ७ सम्म) विशेष कार्यक्रम

(१) यस कार्यक्रमको उद्देश्य वन डढेलो रोकथाम तथा नियन्त्रणसम्बन्धी व्यापक जनचेतना अभिवृद्धि गरी डढेलोबाट हुने वन तथा जैविक विविधताको क्षति न्यूनीकरण गर्नु हो।

(२) चैत्र १ देखि ७ गतेसम्म स्थानीय तह, वन उपभोक्ता समूह, विद्यालय, सञ्चार माध्यम तथा सरोकारवालाको सहभागितामा जनचेतना, अन्तरक्रिया, प्रचार–प्रसार, अग्निरेखा व्यवस्थापन तथा डढेलो नियन्त्रणसम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(३) विनियोजित बजेटबाट प्रचार सामग्री, ब्यानर, पम्प्लेट, गोष्ठी, चिया–खाजा, अग्निरेखा व्यवस्थापन, नियन्त्रण सामग्री तथा अन्य आवश्यक खर्च गर्न सकिनेछ।

(४) वन डढेलो रोकथामसम्बन्धी जनसहभागिता तथा सचेतना अभिवृद्धि भई डढेलोका घटना तथा वन क्षति न्यूनीकरणमा सहयोग पुग्नेछ।

८३. वन अतिक्रमण नक्साङ्कन तालिम

(१) यस कार्यक्रमको उद्देश्य GPS, GIS तथा अन्य आधुनिक प्रविधिको प्रयोग गरी वन अतिक्रमण क्षेत्र पहिचान तथा नक्साङ्कनसम्बन्धी प्राविधिक ज्ञान र सीप अभिवृद्धि गर्नु हो।

(२) वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, डिभिजन तथा सब–डिभिजन वन कार्यालयका सम्बन्धित प्राविधिक कर्मचारीलाई सहभागी गराई तालिम सञ्चालन गर्न सकिनेछ।

(३) विनियोजित बजेटबाट प्रशिक्षक पारिश्रमिक, तालिम सामग्री, स्टेशनरी, GIS/GPS उपकरण, हल, सहभागी खर्च, चिया–खाजा तथा अन्य आवश्यक खर्च गर्न सकिनेछ।

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी
श्री प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय

(४) वन अतिक्रमणको डिजिटल तथा भौगोलिक अभिलेख तयार गर्ने क्षमता अभिवृद्धि भई अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्य थप प्रभावकारी हुने अपेक्षा गरिएको छ।

८४. कर्मचारी र सामुदायिक वन उपभोक्ता समूहहरूलाई क्षमता अभिवृद्धि कार्यक्रम

(१) यस कार्यक्रमको उद्देश्य वन कर्मचारी तथा सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरूको वन व्यवस्थापन, सुशासन, अभिलेख तथा संस्थागत क्षमता अभिवृद्धि गर्नु हो।

(२) सम्बन्धित वन कर्मचारी तथा सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीलाई आवश्यकता र विषयवस्तुका आधारमा सहभागी गराउन सकिनेछ।

(३) विनियोजित बजेटबाट प्रशिक्षक पारिश्रमिक, तालिम सामग्री, स्टेशनरी, सहभागी खर्च, हल, चिया–खाजा तथा अन्य आवश्यक खर्च गर्न सकिनेछ।

(४) वन व्यवस्थापन तथा उपभोक्ता समूहको संस्थागत कार्यसम्पादनमा सुधार भई वन संरक्षण तथा दिगो व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

८५. बरामद/पक्राउ परेका काठ दाउरा तथा सार्वजनिक स्थानका जोखिम रुखको संकलन तथा व्यवस्थापन

(१) यस कार्यक्रमको उद्देश्य बरामद तथा पक्राउ परेका काठ/दाउरा र सार्वजनिक स्थानमा रहेका जोखिमयुक्त रुखको कानुनबमोजिम सुरक्षित संकलन तथा व्यवस्थापन गर्नु हो।

(२) सम्बन्धित वन कार्यालयले प्रचलित कानुनबमोजिम बरामद काठ दाउराको अभिलेख राखी सुरक्षित स्थानमा व्यवस्थापन गर्ने तथा जोखिमयुक्त रुखको प्राविधिक पहिचान गरी आवश्यक कार्य गर्नेछ।

(३) विनियोजित बजेटबाट कटान, संकलन, ढुवानी, श्रमिक, उपकरण, भण्डारण तथा अन्य आवश्यक खर्च गर्न सकिनेछ।

(४) बरामद काठ दाउराको सुरक्षित व्यवस्थापन तथा जोखिमयुक्त रुखबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण हुने अपेक्षा गरिएको छ।

८६. सामुदायिक वन उपभोक्ता समूहहरूलाई लेखा, अभिलेख व्यवस्थापन तालिम

(१) यस कार्यक्रमको उद्देश्य सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी तथा कर्मचारीहरूको लेखा, आर्थिक कारोबार तथा अभिलेख व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि गर्नु हो।

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी
गण्डकी

(२) सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी तथा लेखा/अभिलेख व्यवस्थापनमा संलग्न व्यक्तिलाई सहभागी गराउन सकिनेछ।

(३) विनियोजित बजेटबाट प्रशिक्षक पारिश्रमिक, तालिम सामग्री, स्टेशनरी, सहभागी खर्च, हल, चिया–खाजा तथा अन्य आवश्यक खर्च गर्न सकिनेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहको आर्थिक पारदर्शिता, अभिलेख व्यवस्थापन तथा संस्थागत सुशासनमा सुधार हुने अपेक्षा गरिएको छ।

८७. सब–डिभिजन वन कार्यालय प्रयोजन इन्धन

(१) यस कार्यक्रमको उद्देश्य सब–डिभिजन वन कार्यालयबाट हुने वन संरक्षण, गस्ती, निरीक्षण, अनुगमन तथा अन्य फिल्ड कार्यलाई प्रभावकारी बनाउन आवश्यक इन्धन व्यवस्थापन गर्नु हो।

(२) स्वीकृत कार्ययोजना तथा कार्यालयको आवश्यकता अनुसार सम्बन्धित सवारी साधनमा इन्धन प्रयोग गरिनेछ।

(३) विनियोजित बजेटबाट प्रचलित मापदण्ड तथा कानुन बमोजिम सवारी साधनको इन्धन खर्च गर्न सकिनेछ।

(४) वन संरक्षण, गस्ती तथा अनुगमनका फिल्ड कार्य नियमित र प्रभावकारी रूपमा सञ्चालन हुने अपेक्षा गरिएको छ।

८८. हरियाली प्रवर्द्धन कार्यक्रम

(१) यस कार्यक्रमको उद्देश्य सार्वजनिक, संस्थागत तथा शहरी क्षेत्रमा वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी वातावरणीय गुणस्तर सुधार गर्नु हो।

(२) स्थानीय तह, सरकारी निकाय, विद्यालय, समुदाय तथा अन्य सरोकारवालासँग समन्वय गरी उपयुक्त स्थानमा वृक्षारोपण तथा हरियाली विकासका कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(३) विनियोजित बजेटबाट बिरुवा, रोपण, सिँचाइ, संरक्षण, घेराबार तथा प्रचार–प्रसारसम्बन्धी आवश्यक खर्च गर्न सकिनेछ।

(४) हरित क्षेत्र विस्तार भई वातावरणीय सौन्दर्य, कार्बन सञ्चिति तथा स्थानीय वातावरणको गुणस्तर सुधारमा योगदान पुग्ने अपेक्षा गरिएको छ।

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

श्री मधेश प्रदेश सरकार
श्री वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

८. प्रचार-प्रसार सामग्री उत्पादन र वितरण(पोष्टर, पम्फलेट, होर्डिग बोर्ड, भेष्ट। टिशर्ट, स्टिकर आदि)

(१) यस कार्यक्रमको उद्देश्य वन तथा वातावरण संरक्षण, वन डढेलो नियन्त्रण, जैविक विविधता तथा वातावरणीय सचेतनासम्बन्धी सूचना आम नागरिकसम्म प्रभावकारी रूपमा पुर्‍याउनु हो।

(२) कार्यक्रमको आवश्यकता तथा लक्षित समूहअनुसार पोस्टर, पम्प्लेट, होर्डिङ बोर्ड, भेष्ट, टी–शर्ट, स्टिकर लगायतका सामग्री उत्पादन तथा वितरण गर्न सकिनेछ।

(३) विनियोजित बजेटबाट प्रचलित कानुनबमोजिम डिजाइन, छपाइ, उत्पादन, ढुवानी तथा वितरणसम्बन्धी खर्च गर्न सकिनेछ।

(४) वन तथा वातावरण संरक्षणसम्बन्धी सूचना र सन्देश व्यापक रूपमा प्रवाह भई जनचेतना तथा संरक्षणमा जनसहभागिता अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

९०. वन डढेलो नियन्त्रण, व्यवस्थापन तथा योजना कार्यान्वयनः(१) यस कार्यक्रमको उद्देश्य वन डढेलोको जोखिम पहिचान, पूर्वतयारी, रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि तयार गरिएको योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्नु हो।

(२) जोखिमयुक्त क्षेत्रको पहिचान गरी अग्निरेखा निर्माण तथा मर्मत, गस्ती, निगरानी, नियन्त्रण टोली परिचालन, जनचेतना तथा आवश्यक पूर्वतयारीका कार्य सम्बन्धित निकाय तथा समुदायको समन्वयमा सञ्चालन गरिनेछ।

(३) विनियोजित बजेटबाट प्रचलित कानुनबमोजिम अग्निरेखा, डढेलो नियन्त्रण उपकरण, सुरक्षा सामग्री, इन्धन, गस्ती, जनचेतना, तालिम तथा अन्य आवश्यक खर्च गर्न सकिनेछ।

(४) वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना प्रभावकारी रूपमा कार्यान्वयन भई वन डढेलोबाट हुने वन, जैविक विविधता तथा वातावरणीय क्षति न्यूनीकरण हुने अपेक्षा गरिएको छ।

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

९१. चुरे क्षेत्रको अपस्ट्रीमका जनता र डाउनस्ट्रीम दक्षिण भेगका जनता बिच अन्तरकृया र भ्रमण :(१) जिल्लाको उपल्लो क्षेत्र तथा तल्लो क्षेत्रका जनताहरूलाई चुरेको अवस्था, जलवा यू परिवर्तनको प्रभावहरू, संरक्षणका प्रयासहरू, जलाधारीय तत्वको संरक्षण तथा व्यवस्थापन सम्वन्धी वुझाई, संरक्षण तथा व्यवस्थापनको लागि सहकार्य एवं संरक्षणको लागि आपसी विश्वास र भाईचाराको भावना विकास गर्नको लागि अपस्ट्रिम र डाउनस्ट्रिमका सरोकारित जनताहरू तथा संघ संस्थाको सहभागितामा अन्तरक्रिया तथा सोही जिल्ला वा मधेश प्रदेशका जिल्लाहरूमा अवलोकन भ्रमण गरी यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२)कार्यक्रमको लागि विनियोजित रकम सहभागीको भत्ता, खाजा, समन्वय भत्ता, सेसन शुल्क,हल भाडा, व्यानर, गाडी भाडा, सञ्चार, स्टेशनरी आदिमा स्वीकृत नम्सको परिधिभित्र रही लागत ईस्टिमेट स्वीकृत गराई खर्च गर्न सकिनेछ । यो कार्यक्रम भू तथा जलाधार व्यवस्थापन कार्यालयको जनशक्तिबाट नै कार्यान्वयन गरिनेछ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ।व।२०८३र०८४ को विनियोजित बजेट अनुसार हुनेछ।

(४) सरोकारवालाहरु माझ चुरे संरक्षण, वन तथा वातावरण, जलाधार, जैविक विविधता, वन्यजन्तु संरक्षण, जलवायू परिवर्तन लगायतका विषयहरुमा जनचेतना अभिवृद्धि भई यिनको संरक्षण सम्वर्द्धनमा प्रभावकारिता अभिवृद्धि हुने।

९२. वन तथा वातावरणसंग सम्वन्धित तालिम/गोष्ठी/अन्तरकृया :(१) दक्षता अभिवृद्धि, जनचेतना अभिवृद्धिका कार्यक्रम मार्फत कार्यालयको कामकार्वाही लाई प्रभावकारी वनाउन विभिन्न तालिम, गोष्ठी तथा अन्तरक्रियाहरु सञ्चालन गरिनेछ । यस अन्तर्गत निम्नानुसारको क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ:

(क) कार्यालयको कार्यक्षेत्र भित्रका जिल्लाहरुमा रहेका स्थानीय तहका प्रमुख, उपप्रमुख, जिल्ला समन्वय समिति प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, समन्वय अधिकारी, सरोकारवाला लगायतका सरकारी क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था, सामुदायिक संस्थाका पदाधिकारी/स्थानिय जलाधार उपभोत्ताहरुलाई यस्तो तालिम/गोष्ठी/अन्तरकृयामा सहभागी गराउनु पर्नेछ ।

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी
वन तथा वातावरण मन्त्रालय
सुदूरपश्चिम, धनगढीपुरधाम

श्री मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
सुदूरपश्चिम, धनगढीपुरधाम

(ख) तालिम/गोष्ठी/अन्तरकृयामा योजना तर्जुमा र समन्वय तथा सहकार्यका संरक्षण क्षेत्रका समस्या र समाधानका विषयहरु समेटी गोष्ठी सञ्चालन गर्न सकिनेछ ।

(ग) तालिम/गोष्ठी/अन्तरकृयामा विनियोजित रकम सहभागीको भत्ता, खाजा, समन्वय भत्ता, सेसन शुल्क, हल भाडा, ब्यानर, सञ्चार, स्टेशनरी आदिमा स्वीकृत नर्म्सको परिधिभित्र रही लागत ईस्टिमेट स्वीकृत गराई खर्च गर्न सकिनेछ ।

(२) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ।व। २०८३/०८४को विनियोजित वजेट अनुसार हुनेछ।

(३) सरोकारवालाहरु माझ कार्यालयको गतिविधिहरु बारे सुचनाको सम्प्रेषण भई सुशासनको सनिश्चितता हुने।

९३. विभिन्न दिवस, सप्ताह, महोत्सव तथा समारोह

(१) विभिन्न संरक्षण दिवस, समारोह, महोत्सको आयोजना गरी प्राकृतिक स्रोत संरक्षण एवम् व्यवस्थापनका महत्व उजागर गरी यसको संरक्षण र सदुपयोगमा सरोकारवालाहरुको संलग्नतामा अभिवृद्धि गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) यस कार्यक्रममा निम्नानुसारका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ:

(क) वन तथा वातावरण, जलाधार, जैविक विविधता, जलवायू परिवर्तन लगायतका विषयहरुमा जनचेतना अभविृद्धि, सवैको सहकार्य तथा आम बुझाई निर्माण गर्न तोकिएको वा आवश्यकता अनुसार वा निर्देशनानुसार विभिन्न दिवस, समारोह, महोत्सव वा उत्सवको कार्यक्रमहरु यस कार्यक्रम अन्तरगत संचालन गरिनेछ ।

(ख) कार्यालयको कार्य क्षेत्र भित्रका जिल्लाहरुमा रहेका स्थानीय तहका प्रमुख, उपप्रमुख, जिल्ला समन्वय समिति प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, समन्वय अधिकारी, सरोकारवाला लगायतका सरकारी क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था, सामुदायिक संस्थाका पदाधिकारीहरु, स्थानिय जलाधार उपभोत्ताहरूलाई कार्यक्रममा सहभागी गराउनु पर्नेछ ।

(ग) कार्यक्रमको लागि योजना तर्जुमा र समन्वय तथा सहकार्यका संरक्षण क्षेत्रका समस्या र समाधानका विषयहरु समेटी गोष्ठी सञ्चालन गर्न सकिनेछ ।

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

(घ) कार्यक्रमको लागि विनियोजित रकम सहभागीको भत्ता, खाजा, समन्वय भत्ता, सेसन शुल्क, हल भाडा, व्यानर, सञ्चार, स्टेशनरी, आवश्यक समाग्री आदिमा स्वीकृत नर्मसको परिधिभित्र रही लागत ईस्टिमेट स्वीकृत गराई खर्च गर्न सकिनेछ ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ।व। २०८३ र ०८४ को विनियोजित बजेट अनुसार हुनेछ।

(४) सरोकारवालाहरु माझ वन तथा वातावरण, जलाधार, जैविक विविधता, वन्यजन्तु संरक्षण, जलवायू परिवर्तन लगायतका विषयहरुमा जनचेतना अभिवृद्धि भई यिनको संरक्षण सम्वर्द्धनमा प्रभावकारिता अभिवृद्धि हुने।

९४. चुरे क्षेत्रको संरक्षण तथा प्रवर्द्धन कार्यक्रम :(१) यस कार्यक्रम अन्तरगत दक्षता अभिवृद्धि, जनचेतना अभिवृद्धिका कार्यक्रम मार्फत कार्यालयको कामकार्वाही लाई प्रभावकारी बनाउन विभिन्न तालिम, गोष्ठी तथा अन्तरक्रियाहरु सञ्चालन गर्न सकिनेछ । साथै जनताहरूमा चुरेको अवस्था, जलवायू परिवर्तनको प्रभावहरू, संरक्षणका प्रयासहरू, जलाधारीय तत्वको संरक्षण तथा व्यवस्थापन सम्वन्धी बुझाई, संरक्षण तथा व्यवस्थापनको लागि सहकार्य एवं संरक्षणको लागि आपसी विश्वास र भाईचाराको भावना विकास गर्नको लागि दिवस, सप्ताह, समारोह, महोत्सव जस्ता कार्यक्रमहरू समेत आयोजना गर्न सकिनेछ । असल जलाधारीय अभ्यास, चुरे क्षेत्रको संरक्षण तथा व्यवस्थापनमा रहेको चुनौतीहरूलाई श्रव्यदृश्यको माध्यमवाट आमजनमानसलाई सुसुचित गर्न डकुमेन्ट्री तथा भिडियो निर्माण समेत यस कार्यक्रमवाट संचालन गर्न सकिनेछ ।

(२) विनियोजित रकम सहभागीको भत्ता, खाजा, समन्वय भत्ता, सेसन शुल्क, हल भाडा, ब्यानर, सञ्चार, स्टेशनरी आदिमा स्वीकृत नर्म्सको परिधिभित्र रही लागत ईस्टिमेट स्वीकृत गराई खर्च गर्न सकिनेछ । डकुमेन्ट्री भिडियो निर्माण गर्नु परेमा नियमानुसार खर्च गरिनेछ ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८३/०८४को विनियोजित बजेट अनुसार हुनेछ। सरोकारवालाहरु माझ कार्यालयको गतिविधिहरु वारे सुचनाको सम्प्रेषण भई सुशासनको सनिश्चितता हुने।

९५.एकीकृत भू संरक्षण कार्यक्रम :(१) यस कार्यक्रमको मुख्य उद्देश्य सार्वजनिक तथा निजी जग्गामा पहिरो/भूक्षय/पानी जम्ने/खोलाकिनार कटान/गल्छी/क्षतिग्रस्त भूमि/पैनी/पोखरीहरुको बिग्रदो अवस्था/गाउँवस्तीमा वाढी पस्ने/कृषि भूमिमा सेडिमेन्टेसन लगायतका जोखिमपूर्ण स्थानहरुमा संरक्षणका

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश सरकार

आयामहरुमा एकीकृत प्रयोग गरी भू-क्षय नियन्त्रण तथा पहिरो रोकथाम गरी स्थानीय जनतालाई राहत पुर्याउने रहेको छ ।

(२) स्थान तोकिएको हकमा सोही स्थान र नतोकिएको हकमा आवश्यकतानुसार जोखिमको प्रकृति र उपयुक्तता हेरी देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिने छ । Emergency Tillage, Conservation Tillage, Windbreak/Shelterbelt, Strip Cropping, Rangeland and Permanent Cover, Residue Management, Residue Mulching, Cover Crop, Agronomical Practices, Terraces, Drop Structures, Spill Way, Culverts, Gabions, Riprap, Ditches, Rainwater Harvesting Ponds/ Farm Ponds/ Storage Tank, Deep Boaring, Shallow Tube Well, Contour Farming, Silt Fences, Surface Matting, Irrigation Canal, Well, लगायत यस्तै प्रकारका अन्य आवश्यक क्रियाकलापहरु ।

तसर्थ, उक्त कार्यक्रमहरु कार्यन्वयन गर्दा माथिल्लो निकायको सहमति अनिवार्य लिनुपर्ने छ र माथिल्लो निकायले आवश्यक्ता र औचित्य हेरी सहमति प्रदान गर्न सक्नेछ ।

(३) उल्लेख भएका क्रियाकलापहरुको डिजाइन र लगत अनुमान प्रचलित नर्मश जिल्ला दर रेट समेतका आधारमा एक मुस्ट वा छुटा छुटै गरी मधेश प्रेदशे विनियोजन ऐन, २०८३ लगायत खरिद सम्बन्धी प्रचलित ऐन, नियम, निर्देशीका वा कार्यविधीको अधीनमा रहि सञ्चालण गर्नु पर्ने छ । यसरी लगत अनुमान गर्दा स्थान परिमाण कार्यक्रममै तोकिएकोम भए सोही स्थान र परिमाणमा सञ्चालन गर्ने नतोकिएको हकमा क्षेत्रगत अवश्यक्ता र प्राथमिक्ताका आधारमा स्थान परिमाण ऐकिन गरी सञ्चालन गर्नु पर्ने छ ।

(४) कार्यक्रम सम्पन्न भएपश्चात कार्य सम्पन्न प्रतिवेदनको साथै कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको फोटोहरु, बिल भर्पाई लगायतका आवश्यक कागजातहरु साईट इन्चार्जको सिफारिस सहित संलग्न गरी कार्यक्रम कार्यान्वयन गर्ने निकायमा पेश गर्नुपर्नेछ ।

(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ।व। २०८३/०८४ को विनियोजित बजेट अनुसार हुनेछ।

(६) भू-क्षय नियन्त्रण भई भुमिको उत्पादकत्वमा वृद्धिका साथै धनजनको क्षति न्यून हुनेछ ।

९६. नदि प्रणालीमा कटान नियन्त्रण तथा संरक्षण कार्यक्रम

(१) चुरे क्षेत्रवाट निस्केका तथा यस क्षेत्र भई बग्ने नदीहरूबाट वर्षेनी नदी किनारा कटान, क्षयीकरण जस्ता खोला किनारमा समस्याहरूलाई सम्वोधन गर्न यो कार्यक्रम राखिएको हो। नदी/खोला किनारा स्थिरिकरण/नियन्त्रण सम्बन्धी सञ्चालन गर्दा छनौट गरिएका नदी प्रणालीमा नदी

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी
वन तथा [illegible] मन्त्रालय
मधेश प्रदेश सरकार

प्रणाली एकीकृत श्रोत व्यवस्थापन योजनाले तोकेको स्थान वा नदी बहावको लागि प्राविधिक रूपले आवश्यक पर्ने स्थानमा नदीको बहाव क्षेत्र नघट्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

(२) यो कार्य सञ्चालन गर्दा बायो-इन्जिनियरिङ्ग प्रविधिको साथै अन्य सिभिल संरचनाहरू जस्तै तटबन्ध, स्पर र चेकड्याम आदि निर्माण गर्न सकिनेछ। सो पूर्वधारलाई निर्माणमा आवश्यक पर्ने सहायक पुर्वधार जस्तै :

(क) नदी/खोलाको बहाव क्षेत्रकोलागि आवश्यक ठाउँ छोडेर नदी र खोलाको अर्को किनारामा कटान नबढ्ने गरी निर्माण गर्नु पर्नेछ र तटबन्धको संरचना निर्माण गर्दा प्राविधिक रूपमा आवश्यक पर्ने लंचिंग एप्रोन, स्टड र स्परहरूको व्यवस्था गर्नु पर्नेछ।

(ख) निर्मित संरचनाको दिगो संरक्षण गर्नको लागि सम्भव भएसम्म नदीको दुवै किनारमा हरित पेटिका निर्माण गर्नु पर्नेछ।

(ग) यस कार्यक्रम सञ्चालनका लागि स्थलगत अवलोकनपश्चात आवश्यक क्रियाकलापहरूको छनौट गरी प्राविधिकको सहयोगमा लागत अनुमान तयार गरिनेछ र सोही लागत अनुमानका आधारमा छनौट गरिएका क्रियाकलापहरू सञ्चालन गरिनेछ।

(घ) Revetments निर्माण, Spurs निर्माण, Flow Retarding संरचना निर्माण, वहावलाई व्यवस्थापन गर्न Channelization गर्ने कार्य, Bio-engineering प्रविधिबाट Flood Plain Stabilization गर्ने कार्य, बाँधमा घाँस/बाँस लगायतका बिरुवा लगाउने र संरक्षण गरिने क्षेत्रमा तारवार गर्ने कार्य लगायतका कार्यहरु सञ्चालन हुने छ ।

तसर्थ, उक्त कार्यक्रमहरु कार्यन्वयन गर्दा माथिल्लो निकायको सहमति अनिवार्य लिनुपर्ने छ र माथिल्लो निकायले आवश्यक्ता र औचित्य हेरी सहमति प्रदान गर्न सक्नेछ ।

(ङ) स्थलगत छनौट र क्रियाकलाप तय भए पश्चात हरेक स्थान र क्रियाकलापको एक मुस्ट र छुटा छुटै डिजाईन, लगत अनुमान तयार गरी प्रचलित कानुनमा भएको व्यवस्था अनुसार कार्य सञ्चालन गर्नु पर्ने छ ।

(च) स्थानीय तहसंगको समन्वयमा जनसहभागिता परिचालन गरी योजना सन्चालन गर्नुपर्नेछ। यस कार्यमा नियमानुसार जनशक्ति व्यवस्थापन र खर्च गरिनेछ ।

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी
माननीय
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश सरकार, जनकपुरधाम

मधेश प्रदेश सरकार तथा वातावरण मन्त्रालय

(३) दफा नं.२ मा उल्लेख भएको क्रियाकलापहरुको डिजाइन र लगत अनुमान प्रचलित नर्मश जिल्ला दर रेट समेतका आधारमा एक मुस्ट वा छुटा छुटै गरी मधेश प्रेदशे विनियोजन ऐन, २०८३ लगायत खरिद सम्बन्धी प्रचलित ऐन, नियम, निर्देशीका वा कार्यविधीको अधीनमा रहि सञ्चालण गर्नु पर्ने छ । यसरी लगत अनुमान गर्दा स्थान परिमाण कार्यक्रममै तोकिएकोम भए सोही स्थान र परिमाणमा सञ्चालन गर्ने नतोकिएको हकमा क्षेत्रगत अवश्यक्ता र प्राथमिक्ताका आधारमा स्थान परिमाण ऐकिन गरी सञ्चालन गर्नु पर्ने छ ।

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८३।०८४ को विनियोजित वजेट अनुसार हुनेछ।

(५) नदी किनार सुदृढिकरण भई भू संरक्षणबाट धनजनको क्षति न्यूनीकरण हुने ।

९७. संरक्षण पोखरी/भल छोप्ने पोखरी (Runoff Harvesting Dam) निर्माण तथा सिमसार क्षेत्र संरक्षण कार्यक्रम

(१) यो कार्यक्रम को उदेश्य जल संचिति लाई बढवा दिने उदेश्यका साथ जलाधार महत्त्वका सिमसार, संरक्षण पोखरी निर्माण/मर्मतमा सहयोग गर्न प्रस्ताव गरिएको हो।

(२) यस कार्यक्रम अन्तर्गत सार्वजनिक स्थलमा नयाँ पोखरी निर्माण, पोखरी मर्मत तथा सिमसार क्षेत्रमा आवश्यक जलाधारीय संरक्षणका लगायतका अन्य आवश्यक कार्यहरु सञ्चालन गर्न सकिने छ ।

(३) दफा नं.२ मा उल्लेख भएका क्रियाकलापहरुको डिजाइन र लगत अनुमान प्रचलित नर्मश जिल्ला दर रेट समेतका आधारमा एक मुस्ट वा छुटा छुटै गरी मधेश प्रेदशे विनियोजन ऐन, २०८३ लगायत खरिद सम्वन्धी प्रचलित ऐन, नियम, निर्देशीका वा कार्यविधीको अधीनमा रहि सञ्चालण गर्नु पर्ने छ । यसरी लगत अनुमान गर्दा स्थान परिमाण कार्यक्रममै तोकिएकोम भए सोही स्थान र परिमाणमा सञ्चालन गर्ने नतोकिएको हकमा क्षेत्रगत अवश्यक्ता र प्राथमिक्ताका आधारमा स्थान परिमाण ऐकिन गरी सञ्चालन गर्नु पर्ने छ ।

(४) आवश्यकता र प्राथमिकताका आधारमा धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यावरणीय महत्त्व वोकेका ताल, नदी तथा जलाशयहरूको संरक्षण, नयाँ पोखरी निर्माण तथा पुराना पोखरीहरूको मर्मतसम्भार गर्न सकिनेछ। कार्यक्रममा विनियोजित बजेटको सीमाभित्र रही उल्लिखित कार्यक्रमहरू सञ्चालन गर्दा माथिल्लो निकायको पूर्वसहमति लिनुपर्नेछ।

(६) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व. २०८३/०८४ को विनियोजित बजेट अनुसार

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

हुनेछ।

(७) धार्मिक, ऐतिहासिक, साँस्कृतिक तथा जैविक विविधताको दृष्टिकोणले जलाधारीय महत्त्वका सिमासर, ताल तलैया तथा पोखरीहरुको संरक्षण तथा विकास भई जलवायु वा वातावरणीय सन्तुलन कायम हुनेछ।

९८. जलाधार व्यवस्थापन प्रणाली (नदि तोकिएको वा नतोकिएको)/भू तथा जलाधार व्यवस्थापन कार्यक्रम

(१) चुरे तथा तराई मधेश क्षेत्र भई बग्ने नदीहरूबाट वर्षेनी नदी किनारा कटान, क्षयीकरण जस्ता खोला किनारमा समस्याहरू हुने गर्दछन्। यस्ता समस्याहरूलाई सम्वोधन गर्न यो कार्यक्रम राखिएको हो। नदी/खोला किनारा स्थिरिकरण/नियन्त्रण सम्बन्धी सञ्चालन गर्दा छनौट गरिएका नदी प्रणालीभन्दा हकमा सोही नदि प्रणालीहरूमा तथा नदि नतोकिएको हकमा कार्यक्षेत्र भित्रका जलाधारहरूमा जलाधारीय आवश्यकताका कार्यक्रमहरू एकमुस्ट वा मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट भएको परिमाणका आधारमा छुट्टाछुट्टै उपभोक्ता समितिबाट सञ्चालन गरिनेछ। नदी किनारा स्थिरिकरणका लागि नदी किनारमा संरचनाको निर्माण गर्दा नदी बहावको लागि प्राविधिक रूपले आवश्यक पर्ने नदीको बहाव क्षेत्र नघट्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

(2) कार्यक्रम सञ्चालन प्रक्रिया:

(क) यो कार्य सञ्चालन गर्दा बायो-इन्जिनियरिङ्ग प्रविधिको साथै अन्य सिभिल संरचनाहरू जस्तै तटबन्ध, स्पर र चेकड्याम आदि निर्माण गर्न सकिनेछ।

(ख) नदी/खोलाको बहाव क्षेत्रकोलागि आवश्यक ठाउँ छोडेर नदी र खोलाको अर्को किनारामा कटान नबढ्ने गरी निर्माण गर्नु पर्नेछ र तटबन्धको संरचना निर्माण गर्दा प्राविधिक रूपमा आवश्यक पर्ने लंचिंग एप्रोन, स्टड र स्परहरूको व्यवस्था गर्नु पर्नेछ।

(ग) निर्मित संरचनाको दिगो संरक्षण गर्नको लागि सम्भव भएसम्म नदीको दुवै किनारमा हरित पेटिका निर्माण गर्नु पर्नेछ।

(घ) यो कार्यक्रम सञ्चालनका लागि स्थलगत अवलोकन पश्चात गर्न सकिने क्रियाकलापहरूको छनौट गरी प्राविधिकको सहयोगमा लागत इष्टिमेट तयार गरी क्रियाकलाप सञ्चालन गरिनेछ।

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी
सल्लाह
वन तथा भू-संरक्षण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

मधेश प्रदेश सरकार
भूमि व्यवस्था मन्त्रालय
जनकपुरधाम, नेपाल

Revetments निर्माण, Spurs निर्माण, Flow Retarding संरचना निर्माण, वहावलाई व्यवस्थापन गर्न Channelization गर्ने कार्य, Bio-engineering प्रविधिबाट Flood Plain Stabilization गर्ने कार्य, बाँधमा घाँस/बाँस लगायतका बिरुवा लगाउने र संरक्षण गरिने क्षेत्रमा तारवार गर्ने कार्य।

(च) स्थान तोकिएको हकमा सोही स्थान र नतोकिएको हकमा आवश्यकतानुसार जोखिमको प्रकृति र उपयुक्तता हेरी सम्बन्धित लाभग्राहीहरुको आमभेलाबाट गठन भएको उपभोक्ता समिति वा सक्रिय रुपमा सञ्चालन भएको सामुदायिक वन उपभोक्ता समिति वा सो स्थानमा विकास निर्माण सँग सम्बन्धित अन्य कुनै समितिवाट कार्य सञ्चालन गराउनु पर्नेछ । Emergency Tillage, Conservation Tillage, Windbreak/Shelterbelt, Strip Cropping, Rangeland and Permanent Cover, Residue Management, Residue Mulching, Cover Crop, Agronomical Practices, Terraces, Drop Structures, Spill Way, Culverts, Gabions, Riprap, Ditches, Rainwater Harvesting Ponds/ Farm Ponds/ Storage Tank, Deep Boaring, Shallow Tube Well, Contour Farming, Silt Fences, Surface Matting, Irrigation Canal, Well etc.जस्ता प्राविधिक कार्यहरु गर्न सकिनेछ ।

तसर्थ, उक्त कार्यक्रमहरु कार्यन्वयन गर्दा माथिल्लो निकायको सहमति अनिवार्य लिनुपर्ने छ र माथिल्लो निकायले आवश्यक्ता र औचित्य हेरी सहमति प्रदान गर्न सक्नेछ ।

(छ) स्थानीय तहसंगको समन्वयमा जनसहभागिता परिचालन गरी योजना सन्चालन गर्नुपर्नेछ। यस कार्यमा नियमानुसार जनशक्ति व्यवस्थापन र खर्च गरिनेछ ।

(३) भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुले पहिचान गरिएको जोखिमपूर्ण स्थानहरुमा प्रचलित नर्म्स, जिल्ला दररेट बमोजिम (जोखिम आँकलन, नक्सा तयारी, ल.ई तयार, कार्यान्वयन, आदि) प्राविधिक हिसावले सवल हुने गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ। एकभन्दा बढी उपक्रियाकलाप समावेश भएको क्रियाकलापको बजेट स्पष्ट नभएमा कुल रकमका आधारमा सम्भव भएसम्म समानुपातिक रूपमा यकिन गरी सम्भव भएसम्म एकमुस्ट र प्रतिस्पर्धात्मक विधिबाट कार्यान्वयन गर्नु पर्नेछ। उपक्रियाकलापको प्रकृति, औचित्य हेरी समानुपातिक रुपमा रकम बाँडफाँड नहुन पनि सक्दछ । यद्यपि, योजनाको प्रकृति र औचित्य हेरी लागत सहभागिता आवश्यक पर्ने योजनाहरू प्रचलित कानुन बमोजिम छुट्टाछुट्टै रुपमा उपभोक्ता समिति मार्फत समेतवाट कार्यान्वयन गर्न वाधा पर्नेछैन। कुनै एक उपक्रियाकलाप कार्यान्वयनमा ढिलाइ भएमा अन्य उपक्रियाकलाप सञ्चालन गर्न वाधा पर्ने छैन ।

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ।व। २०८३/०८४को विनियोजित बजेट अनुसार हुनेछ।

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

मा. शंकर प्रसाद चौधरी
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

(5) जलाधारको अवस्था सुदृढ भई स्थानिय उत्पादकत्वमा वृद्धि भएको हुनेछ ।

९९. पहिरो/गल्छी/खहरे नियन्त्रण कार्यक्रम

१) बायोइन्जिनियरिङ पद्धति अपनाई गल्छी नियन्त्रण कार्यक्रम अन्तर्गत ग्याबियन चेकड्याम निर्माण, स्टोन चेकड्याम तथा ब्रसवुड चेकड्याम निर्माण, गल्छी किनारामा घाँस, बाँस तथा झाडी रोपणमार्फत जैविक संरक्षण, पानीको बहाव नियन्त्रणका लागि ड्रेन निर्माण तथा गल्छी पुनःस्थापना र माटो संरक्षणका कार्यहरू सञ्चालन गर्न सकिनेछ।

त्यसैगरी, पहिरो नियन्त्रण कार्यक्रमका लागि पहिरो प्रभावित क्षेत्रमा वृक्षारोपण तथा जैविक इन्जिनियरिङ, रिटेनिङ वाल, टो वाल तथा ग्याबियन वाल निर्माण, ढलान स्थिरीकरण (Slope Stabilization), पहिरोको नियमित अनुगमन तथा जोखिम नक्साङ्कन गर्न सकिनेछ तथा खहरे नियन्त्रण कार्यक्रम अन्तर्गत चेकड्याम तथा सेडिमेन्ट ट्रयाप निर्माण, नदी किनार संरक्षण (River Training Works), तटवन्ध तथा स्पर निर्माण, माथिल्लो जलाधार क्षेत्रमा वन संरक्षण तथा वृक्षारोपण, र बहाव क्षेत्रको नियमित सरसफाइ तथा अवरोध हटाउने कार्य सञ्चालन गर्न सकिनेछ।

तसर्थ, उक्त कार्यक्रमहरु कार्यन्वयन गर्दा माथिल्लो निकायको सहमति अनिवार्य लिनुपर्ने छ र माथिल्लो निकायले आवश्यक्ता र औचित्य हेरी सहमति प्रदान गर्न सक्नेछ ।

(२) भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुले पहिचान गरिएको जोखिमपूर्ण स्थानहरुमा प्रचलित नर्म्स, जिल्ला दररेट वमोजिम (जोखिम आँकलन, नक्सा तयारी, ल.ई तयार, कार्यान्वयन, आदि) प्राविधिक हिसावले सवल हुने गरी विधमान ऐन नियम निर्देशीका अनुसार कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने वजेट आ.व.२०८३/०८४ को विनियोजित वजेट अनुसार हुनेछ।

(४) यी कार्यक्रमहरूलाई एकीकृत रूपमा कार्यान्वयन गर्दा गल्छी, पहिरो र खहरेबाट हुने माटो कटान, भौतिक क्षति तथा जनधनको जोखिम उल्लेखनीय रूपमा घटाउन सकिन्छ।

१००. चुरे क्षेत्रमा एकीकृत भू संरक्षण कार्यक्रम

(१) वायो ईन्जिनियरिंग पद्धति अपनाई चुरे क्षेत्रमा भू संरक्षणका कार्यहरु एकिकृत रुपमा संचालन गरी चुरे क्षेत्रको संरक्षण गरी उत्थान्शीलता लाई वढावा दिन यो कार्यक्रम सञ्चालन गरिने छ । यस वाट चुरे क्षेत्रका सार्वजनिक तथा निजी जग्गामा पहिरो/भूक्षय/पानी जम्ने/खोलाकिनार कटान/गल्छी/क्षतिग्रस्त भूमि/पोखरीहरुको विग्रदो अवस्था/गाउँवस्तीमा वाढी पस्ने/कृषि भूमिमा

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

भा. शंकर प्रसाद चौधरी
ढाल्की
वन तथा [illegible] सञ्चालय
मधेश प्रदेश, सेडिमेन्टेसन लगायतका जोखिमपूर्ण स्थानहरुमा संरक्षणका आयामहरुको एकीकृत प्रयोग गरी भू-क्षय नियन्त्रण तथा पहिरो रोकथाम गरी स्थानीय जनतालाई राहत पुर्याउने रहेको छ ।

(२) उक्त कार्यक्रम अन्तर्गत स्थान तोकिएको हकमा सोही स्थान र नतोकिएको हकमा आवश्यकतानुसार जोखिमको प्रकृति र उपयुक्तता हेरी देहायका क्रियाकलापह सञ्चालन गर्न सकिने छ । Emergency Tillage, Conservation Tillage, Windbreak/Shelterbelt, Strip Cropping, Rangeland and Permanent Cover, Residue Management, Residue Mulching, Cover Crop, Agronomical Practices, Terraces, Drop Structures, Spill Way, Culverts, Gabions, Riprap, Ditches, Rainwater Harvesting Ponds/ Farm Ponds/ Storage Tank, Deep Boaring, Shallow Tube Well, Contour Farming, Silt Fences, Surface Matting, Irrigation Canal, Well लगायतका अन्य कार्यहरु गर्न सकिनेछ ।

तसर्थ, उक्त कार्यक्रमहरु कार्यन्वयन गर्दा माथिल्लो निकायको सहमति अनिवार्य लिनुपर्ने छ र माथिल्लो निकायले आवश्यक्ता र औचित्य हेरी सहमति प्रदान गर्न सक्नेछ ।

(३) एकभन्दा बढी उपक्रियाकलाप समावेश भएको क्रियाकलापको बजेट स्पष्ट नभएमा कुल रकमका आधारमा सम्भव भएसम्म समानुपातिक रूपमा यकिन गरी सम्भव भएसम्म एकमुस्ट र प्रतिस्पर्धात्मक विधिवाट कार्यान्वयन गर्नु पर्नेछ। उपक्रियाकलापको प्रकृति, औचित्य हेरी समानुपातिक रुपमा रकम बाँडफाँड नहुन पनि सक्दछ । यद्यपि, योजनाको प्रकृति र औचित्य हेरी लागत सहभागिता आवश्यक पर्ने योजनाहरू प्रचलित कानुन बमोजिम छुट्टाछुट्टै रुपमा उपभोक्ता समिति मार्फत समेतवाट कार्यान्वयन गर्न बाधा पर्नेछैन। कुनै एक उपक्रियाकलाप कार्यान्वयनमा ढिलाइ भएमा अन्य उपक्रियाकलाप सञ्चालन गर्न वाधा पर्ने छैन ।

(४) कार्यक्रम सम्पन्न भएपश्चात उपभोक्ता समूहको निर्णय कार्य सम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको फोटोहरु, विल भर्पाई लगायतका आवश्यक कागजातहरु साईट इन्चार्जको सिफारिस सहित संलग्न गरी कार्यक्रम कार्यान्वयन गर्ने निकायमा पेश गर्नुपर्नेछ । चुरे क्षेत्रको लागि तोकिएको एकीकृत भू-क्षय नियन्त्रण कार्य सम्बन्धी कार्यक्रम चुरे क्षेत्रमा नै सञ्चालन गर्नुपर्नेछ ।

(५) दफा नं.२ मा उल्लेख भएका क्रियाकलापहरुको डिजाइन र लगत अनुमान प्रचलित नर्मश जिल्ला दर रेट समेतका आधारमा एक मुस्ट वा छुटा छुटै गरी मधेश प्रेदशे विनियोजन ऐन, २०८३ लगायत खरिद सम्वन्धी प्रचलित ऐन, नियम, निर्देशीका वा कार्यविधीको अधीनमा रहि सञ्चालण गर्नु पर्ने छ । यसरी लगत अनुमान गर्दा स्थान परिमाण कार्यक्रममै तोकिएकोमा भए सोही स्थान र परिमाणमा सञ्चालन गर्ने नतोकिएको हकमा क्षेत्रगत अवश्यक्ता र प्राथमिक्ताका आधारमा स्थान परिमाण ऐकिन गरी सञ्चालन गर्नु पर्ने छ ।

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी
वन
मधेश
धाम

(६) भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुले पहिचान गरिएको जोखिमपूर्ण स्थानहरुमा प्रचलित नर्मस, जिल्ला दररेट बमोजिम (जोखिम आँकलन, नक्सा तयारी, ल.ई तयार, कार्यान्वयन, आदि) प्राविधिक हिसावले सवल हुने गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

(७) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने वजेट आ.व.२०८३/०८३ को विनियोजित वजेट अनुसार हुनेछ।

(८) भू–क्षय नियन्त्रण भई भुमिको उत्पादकत्वमा वृद्धिका साथै धनजनको क्षति न्यून हुनेछ ।

१०१. चुरे जोगाउ मधेश बचाउ कार्यक्रम:(१) चुरेको विनाशले नेपालीहरु प्रत्यक्ष रूपले वातावरणीय तथा आर्थिक जोखिममा रहेका छन् । जैविक विविधताले धनी रहेको यो क्षेत्र अव्यवस्थित बसोबास, वन अतिक्रमण, वन विनाश, अवैज्ञानिक भू- उपयोग, खेती प्रणाली, पशुपालनले गर्दा उच्च जोखिममा रहेकोले चुरे संरक्षण तथा व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो। यसबाट चुरेको पारिस्थितिकीय प्रणालीमा सन्तुलन कायम हुने गरी माथिल्लो र तल्लो तटीय क्षेत्रको जीविकोपार्जनमा टेवा पुर्‍याउने र नदीजन्य प्रकोपको न्यूनीकरण गर्दै राष्ट्रिय अर्थतन्त्रमा योगदान पुग्ने अपेक्षा गरिएको छ।

(२) यस कार्यक्रम अन्तर्गत तपसिल वमोजिमका जनचेतनामूलक र संरक्षणका अभ्यासहरु गर्न सकिनेछः-

(क) जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले प्रचारप्रसार, अन्तरकृया, गोष्ठी,तालिम सञ्चालन गर्न सकिनेछ।

(ख) वन वातावरण, भू-संरक्षण अन्तर्गत संरक्षण, व्यवस्थापन, लगायतका कार्यक्रमहरु।

(ग) चुरेको विग्रदो भु–वनोटको संरक्षणको लागि आवश्यकतानुसार गल्छि पहिरो नियन्त्रण, खहरे नियन्त्रण, इनार कुवाँ, खानेपानी मुहान संरक्षण, सिंचाई कुलो, रन अफ हार्भेष्टिंग ड्याम, नदी किनार संरक्षण जस्ता निर्माणका कार्यहरु नदी प्रणाली कार्ययोजनामा आधारित रहि चुरे क्षेत्र देखि दश गजा सम्म सञ्चालन गर्न सकिनेछ ।

(घ) भिरालो जमिनमा कन्टुर फारमिङ्ग/contour trenching/wattling

(ङ) बिरुवा उत्पादन तथा वृक्षारोपण।

(च) वाँस/घाँस/फलफूल बिरुवा वितरण/रोपण ।

(छ) संरक्षण पोखरी,

(ज) रिभर ट्रेनिङ्ग कार्य र अन्य उपयुक्त भु संरक्षाण सम्बन्धी कार्यहरु

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

तसर्थ, उक्त कार्यक्रमहरु कार्यन्वयन गर्दा माथिल्लो निकायको सहमति अनिवार्य लिनुपर्ने छ र माथिल्लो निकायले आवश्यक्ता र औचित्य हेरी सहमति प्रदान गर्न सक्नेछ ।

(३) उल्लेख भएका क्रियाकलापहरुको डिजाइन र लगत अनुमान प्रचलित नर्मश जिल्ला दर रेट समेतका आधारमा एक मुस्ट वा छुटा छुटै गरी मधेश प्रेदशे विनियोजन ऐन, २०८३ लगायत खरिद सम्वन्धी प्रचलित ऐन, नियम, निर्देशीका वा कार्यविधीको अधीनमा रहि सञ्चालण गर्नु पर्ने छ । यसरी लगत अनुमान गर्दा स्थान परिमाण कार्यक्रममै तोकिएकोम भए सोही स्थान र परिमाणमा सञ्चालन गर्ने नतोकिएको हकमा क्षेत्रगत अवश्यक्ता र प्राथमित्काका आधारमा स्थान परिमाण ऐकिन गरी सञ्चालन गर्नु पर्ने छ ।

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८३/०८४ को विनियोजित बजेट अनुसार हुनेछ।

(५) मधेश प्रदेशमा चुरे संरक्षण तथा व्यवस्थापन कार्यक्रम सफलतापूर्वक सम्पन्न हुनेछ।

१०२. बायो ईन्जिनियरीगं खोला किनार संरक्षण कार्यक्रम :(१) यो कार्यक्रमको मुख्य उद्देश्य खोला किनारमा रहेको सार्वजनिक तथा निजी जग्गामा पहिरो/भू–क्षय/पानी जम्ने/खोला किनार कटान/गल्छी/क्षतिग्रस्त भूमि/पोखरीहरुको बिग्रदो अवस्था/गाउँबस्तीमा वाढी पस्ने/कृषि भूमिमा सेडिमेन्टेसन लगायतका जोखिमपूर्ण स्थानहरुमा संरक्षणका आयामहरुको एकीकृत प्रयोग गरी भू–क्षय नियन्त्रण तथा पहिरो रोकथाम गरी जलजन्य विपद व्यवस्थापन गर्ने ।

(२) यस कार्यक्रम अन्तर्गत जैविक एकल वा यान्त्रिक एकल वा जैविक यान्त्रिक संयुक्त (बायोईन्जिनियरिंग) पद्धति अपनाई खोलाकिनार संरक्षणका कार्यहरु brush layering, palisades, vegetative stone pitching, live check dams, and fascine संचालन गर्न सकिन्छ ।

उक्त कार्यक्रमहरु कार्यन्वयन गर्दा माथिल्लो निकायको सहमति अनिवार्य लिनुपर्ने छ र माथिल्लो निकायले आवश्यक्ता र औचित्य हेरी सहमति प्रदान गर्न सक्नेछ ।

(३) यस कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने बजेट आ.व. २०८३/०८४ मा विनियोजित वजेटअनुसार हुनेछ। एकभन्दा बढी उपक्रियाकलाप समावेश भएको क्रियाकलापको हकमा उपक्रियाकलापगत बजेट स्पष्ट रूपमा छुट्याइएको नभएमा कुल विनियोजित रकमलाई आधार मानी सम्भव भएसम्म समानुपातिक रूपमा रकम निर्धारण गरी, सम्भव भएसम्म एकमुष्ट तथा प्रतिस्पर्धात्मक विधिवाट मधेश प्रदेश विनियोजन ऐन, २०८३ को अधीनमा रही कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ। उपक्रियाकलापको प्रकृति र औचित्यका आधारमा समानुपातिक रूपमा रकम बाँडफाँड गर्न आवश्यक नदेखिएमा सोहीअनुसार रकम निर्धारण गर्न सकिनेछ। योजना तथा उपक्रियाकलापको प्रकृति र औचित्यका आधारमा लागत सहभागिता आवश्यक पर्ने योजनाहरू प्रचलित कानूनबमोजिम छुट्टाछुट्टै

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

रूपमा उपभोक्ता समितिमार्फत समेत कार्यान्वयन गर्न बाधा पर्ने छैन। कुनै एक उपक्रियाकलापको कार्यान्वयनमा ढिलाइ भएमा अन्य उपक्रियाकलाप सञ्चालन गर्न बाधा पर्ने छैन।

(४) कार्यक्रम सम्पन्न भए पश्चात उपभोक्ता समूहको निर्णय कार्य सम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको फोटोहरु, बिल भर्पाई लगायतका आवश्यक कागजातहरु साईट इन्चार्जको सिफारिश सहित संलग्न गरी कार्यक्रम कार्यान्वयन गर्ने निकायमा पेश गर्नु पर्नेछ।

(५) भू तथा जलाधार व्यवस्थापन कार्यालयको विद्यमान जनशक्ति वा उपयुक्त प्राविधिक जनशक्तिको सहयोग लिई प्रचलित नर्म्स, जिल्ला दररेट बमोजिम (जोखिम आँकलन, नक्सा तयारी, ल.ई. तयार, कार्यान्वयन, आदि) प्राविधिक हिसावले सवल हुने गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ । एकभन्दा बढी उपक्रियाकलाप समावेश भएको क्रियाकलापको बजेट स्पष्ट नभएमा कुल रकमका आधारमा सम्भव भएसम्म समानुपातिक रूपमा यकिन गरी सम्भव भएसम्म एकमुस्ट र प्रतिस्पर्धात्मक विधिबाट कार्यान्वयन गर्नु पर्नेछ। उपक्रियाकलापको प्रकृति, औचित्य हेरी समानुपातिक रुपमा रकम बाँडफाँट नहुन पनि सक्दछ । यद्यपि, योजनाको प्रकृति र औचित्य हेरी लागत सहभागिता आवश्यक पर्ने योजनाहरू प्रचलित कानुन बमोजिम छुट्टाछुट्टै रुपमा उपभोक्ता समिति मार्फत समेतबाट कार्यान्वयन गर्न बाधा पर्नेछैन। कुनै एक उपक्रियाकलाप कार्यान्वयनमा ढिलाइ भएमा अन्य उपक्रियाकलाप सञ्चालन गर्न बाधा पर्ने छैन ।

(५) यस प्रदेशमा कम खर्चमा वातावरणमैत्री एकीकृत भू–क्षय नियन्त्रण कार्यबाट हरियाली प्रवर्द्धनमा टेवा पुग्नेछ।

परिच्छेद-८:विविध

१०३. बाधाअडकाउ फुकाउने सम्बन्धी व्यवस्था:(१)यस कार्यविधिमा उल्लेखित कार्यक्रम/कृयाकलाप संचालनको क्रममा कुनै किसिमको बाधा परेमा मन्त्रालयले आवश्यक सहजिकरण गरी बाधा अडकाउ फुकाउन सक्नेछ ।

१०४. खारेजी र बचाउ:(१) बार्षिक कार्यक्रम सञ्चालन कार्यविधि,२०८२ खारेज गरिएको छ र सो कार्यक्रम संचालन कार्यविधिमा भए गरेको काम कारवाही यसै कार्यक्रम संचालन कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

जीवनाथ पौडेल
प्रदेश सचिव

Scanned with CamScanner